## अध्याय एक

# शोधपत्र परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

### १.२ शोधको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस ,नेपाली शिक्षा विभाग ,स्नातकोत्तर (एम.एड्.) द्वितीय वर्ष (नेपा.शि.५९८) को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपाली विषयमा विधा शिक्षण गर्नुको उद्देश्य सुनाइ ,बोलाइ,पढाइ,लेखाइ जस्ता भाषिक सीपको विकास गर्नु नै हो । कथा विधाले पाठ्यपुस्तकलाई रुचिपूर्ण र उपयोगी बनाउन धेरै सहयोग गरेको हुन्छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाका पाठमा आधारित यस शोधका समस्या निम्नानुसार रहेका छन् M

(क) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरू पाठ्यक्रमको उद्देश्यअनुरूप छन् कि छैनन् ?

(ख) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाका पाठहरू छनोट र स्तरणका दृष्टिले के कस्ता छन् ?

(ग) कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरू भाषा शिक्षणीय दृष्टिले के कस्ता छन् ?

(घ) कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरू प्रकृति र संरचनाका दृष्टिले के कस्ता छन् ?

(ङ) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाका पछिल्तिर दिइएका नमुना अभ्यासको मूल पाठसँग तालमेल छ कि छैन ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधका निम्नलिखित उद्देश्य रहेका छन् ।

(क) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरूको पाठ्क्रमको अनुरूपता पहिल्याउनु ,

(ख) शैक्षणिक दृष्टिले कक्षा १० नेपाली किताबमा समाविष्ट कथाहरूलाई छनोट र स्तरणको आधारमा विश्लेषण गर्नु,

(ग) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषण गर्नु ,

(घ) कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरूको प्रकृति र संरचनाका दृष्टिले विश्लेषण गर्नु,

(ङ) शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाका पछिल्तिर दिइएका नमुना अभ्यासहरूको मूल पाठसँगको अन्तरसम्बन्ध केलाउनु ,

## १.५ पूर्वकार्यको समीक्षा

भाषा शिक्षण भाषाका बारेको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । यसका लागि भाषापाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा व्यवस्थित शिक्षणको थालनीसँगै नेपाली भाषा पाठ्यपुस्तकको शिक्षण गर्न थालिएको हो , त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा २०४४ सालमा गराइएको अनुसन्धानात्मक कार्यमा शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वको अध्ययनमा नेपाली भाषाका प्राथमिक र माध्यमिक पाठ्यक्रम र पाठ्यपुस्तकको पनि विश्लेषण गरिएको छ । उक्त अध्ययन विश्लेषणमा पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाको बारेमा पनि चर्चा गरिएको छ । उक्त शोधपत्रमा कथाले भाषिक सीपमा उपयुक्त सहयोग पुऱ्याउन नसकेको र कथाहरू कक्षाको स्तरअनुरूप नभएको सङ्केत गरिएको छ । हेमाङ्गराज अधिकारीद्वारा

लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा पाठ्यपुस्तकमा कथा विधा समावेश गरिनुको औचित्य तथा भाषिक सीप विकासमा कथा विधाको प्रयोजनको चर्चा गरिएको छ । हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माद्वारा लिखित **प्रारम्भिक नेपाली भाषा शिक्षण** नामक पुस्तकमा कथा शिक्षणको औचित्य , भाषिक सीप विकासमा कथाको उपयोगिताको चर्चा गरिएको छ । त्यस पुस्तकमा विद्यालय तहमा राखिएका लोक, आधुनिक जस्ता कथा पढेर सुनेर तिनका खास पात्र वा घटनाहरू परिवर्तन गरी त्यस्तै ढाँचामा अर्को कथा बनाउन विद्यार्थीहरूलाई प्रोत्साहन गरी सिर्जनात्मकतातर्फ प्रेरित गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विधागत पाठहरूको बारेमा अध्ययन,विश्लेषण र शोध गर्ने कार्य भने त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड्. कार्यक्रमअन्तर्गत विभिन्न विद्यार्थीहरूबाट भएका छन् । तीमध्ये कथा विधामा भएका शोध कार्य निम्नानुसार रहेका छन् M

शोधार्थी टीकादत्त पोखरेलले **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन (२०५५)** शीर्षकमा शोधपत्र तयार गरेका छन्। यस शोधपत्रमा अनुरूपता पहिल्याउनु ,निर्धारित कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु,छनोट र स्तरणका आधारमा कथाहरूको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यस शोधपत्रमा पाठ्यक्रमअनुसार विषयवस्तु नभएको ,कथामा प्रयुक्त अधिकांश शब्दहरू धेरै ठाउँमा दोहोरिएका , प्रयोग र सिर्जनात्मक पक्षलाई जोड नदिएको आदि निष्कर्ष निकालिएको पाइन्छ ।

गोविन्दप्रसाद अधिकारीले **कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** (२०५५) शीर्षकमा शोधपत्र तयार गरेका छन् । यस शोधपत्रमा विविध आधारमा कथाको अध्ययन र विश्लेषण गर्नुका साथै आवश्यक सुझाव समेत दिइएको छ ।

वेदप्रसाद अर्यालद्वारा **कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन** (२०४७/२०५२) शीर्षकको शोधपत्र प्रस्तुत गरी कथा विधाको अध्ययन गरिएको छ । यस शोधपत्रमा कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा समावेश

गरिएका कथाहरूले पाठ्यक्रमको उद्देश्य पूरा गर्न सके नसकेको बारेमा अध्ययन विश्लेषण गरिएको छ ।

द्रौपदी थापाले एम.एड्. दोस्रो वर्षको प्रयोजनको लागि **कक्षा ८ ,९ र १० का महेन्द्रमालामा समावेश गरिएका कथाहरूको प्रभावसम्बन्धी अध्ययन** (२०४९) शीर्षकमा शोधपत्र तयार गरेकी छिन् । यस शोधपत्रमा मा.वि. तहका भाषा शिक्षणको बृहत् उद्देश्य पूरा गर्न कक्षा ८, ९ र १० का महेन्द्रमाला पुस्तकले सके नसकेको पत्ता लगाउन खोजिएको छ । यसैगरी नारायणी पौडेलद्वारा **कक्षा ४ र ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाको विश्लेषण** (२०५८) शीर्षकमा शोधकार्य गरिएको छ । दुर्गा खनालले **कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रमअनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन** (२०५८) शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधपत्रमा अभ्यास , शब्दभण्डार, शब्दस्रोत, र भाषापाठ्यपुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी संरचनाका हिसाबले वर्गीकरण तथा तुलना गर्नुका साथै कमी कमजोरी पत्ता लगाई आवश्यक सुझाव दिइएको छ । यसैगरी शोधार्थी राधाकुमारी वाग्लेद्वारा **कक्षा ९ को नेपाली किताबमा प्रयुक्त कथाहरूको अध्ययन** (२०५८) शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

शोधार्थी इलोमा भट्टराईले **कक्षा ७ को नयाँ पाठ्यक्रमअनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विश्लेषणात्मक अध्ययन** (२०६१) शीर्षकमा शोधकार्य गरेकी छिन् । यस शोधपत्रमा निम्नमाध्यमिक तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमअनुरूपता पहिल्याउनु , निर्धारित कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु , शैक्षणिक दृष्टिले कथाहरूको प्रयोजन केलाउनु छनोट र स्तरणको आधारमा कथाहरूको समीक्षा गर्नु आदि उद्देश्य रहेका छन् । यस शोत्रपत्रमा नेपाली पाठ्यपुस्तकमा आधुनिक र लोककथा समावेश हुनु पर्ने ,कथाको सङ्ख्या थप गर्नुपर्ने ,उखानटुक्का, विश्मयादिबोधक शब्द,निपात,आदि जस्ता कुरा समावेश भएका कथालाई स्थान दिनुपर्ने,प्रतिनिधि नेपाली कथाकारहरूका

कथा समावेश हुनुपर्ने, पाठको सुरुमा कथाकारको परिचय राख्नुपर्ने,कथाको लम्बाइ समानुपातिक हुनुपर्ने आदि १४ ओटा सुझावहरू दिइएको छ ।

त्रि.वि.वि. शिक्षाशास्त्र सङ्कायकै स्नातकोत्तर तह , नेपाली भाषा शिक्षा विभाग अन्तर्गत,दोस्रो वर्षको प्रयोजनका लागि **आनन्दा खत्रीले कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** (२०६२) शीर्षकमा शोधपत्र तयार गरेकी छिन् । यस शोधपत्रमा निम्नमाध्यमिक तहको कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमअनुरूपताको पहिचान गर्नु, उक्त पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूमा दिइएका नमुना अभ्यासहरूको विधाअनुरूपको पहिचान गर्नु आदि उद्देश्य रहेको उल्लेख गरिएको छ । यस शोधपत्रमा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विद्यार्थीको स्तरअनुसारका हुनुपर्ने,उखानटुक्कायुक्त संवादात्मक शैलीका कथालाई समेत स्थान दिइनुपर्ने,कठिन शब्दलाई शब्दार्थ स्तम्भमा राख्नुपर्ने,भाषिक सीप विकास अभिवृद्धि गर्ने अभ्यास बढाउनु पर्ने र अभ्यासमा विविधता ल्याउनुपर्ने,आदि १० ओटा सुझावहरू दिइएको छ।यसरी हालसम्ममा पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाका बारेमा केही शोध कार्य भएको पाइए पनि शैक्षणिक दृष्टिले कक्षा १० को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाका पाठहरूको विश्लेषणात्मक अध्ययन भएको पाइँदैन । त्यसैले यस कक्षाका कथाहरूको विश्लेषणात्मक अध्ययन गर्न उपयुक्त हुनसक्ने ठानी यस शोधपत्रका लागि **शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक चयन गरिएको छ ।

## १.६ अध्ययनको महत्त्व र औचित्य

आख्यानअन्तर्गत पर्ने कथा साहित्यको लोकप्रिय विधा हो । कथालाई सर्वाधिक मानिसले मन पराउने गर्दछन् । भाषा सिकाइ कतिपय दृष्टिले उराठिलो कार्य पनि हो । त्यसैले भाषिक सीप सिकाइलाई रुचिपूर्ण , सरल र प्रभावकारी बनाउँन पाठमा दिएका कथाले सहयोग गरेका हुन्छन् । विद्यालय तहमा खासगरी नेपाली भाषाशिक्षणका सन्दर्भमा कथा महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । कक्षा १ देखि १० सम्म नै नेपाली पाठ्यपुस्तकमा कथालाई स्थान दिइएको पाइन्छ । कथाका माध्यमबाट पठनबोध ,शब्दार्थ शिक्षण,सस्वर वाचन, मौनपठन ,वाक्यगठन ढाँचा साथै सिर्जनात्मक क्षमताको विकास र जीवनका विविध पक्षको अनुभूति दिन सकिन्छ । कथाका माध्यमबाट असल कार्यको असल परिणाम हुने सन्देश दिनुका साथै देशप्रेम,सद्भावना,दया ,उदारता सहानुभूतिको भावना जगाई विद्यार्थीहरूमा सच्चरित्रताको विकास गर्न सकिन्छ । कल्पना शक्तिको विकास गर्नु र विश्लेषणात्मक क्षमताको विकास गर्नु पनि कथा शिक्षणको उद्देश्य हो ।

भाषा शिक्षणको मुख्य अभिप्राय विद्यार्थीहरूलाई भाषिक सीपमा दक्ष बनाउनु हो । कक्षा १० मा समावेश गरिएका कथा विधाका पाठहरूले पनि विद्यार्थीहरूको सुनाइ,बोलाइ, पढाइ,लेखाइ क्षमताको विकास गराउनुपर्दछ । हरेक कक्षामा समावेश गरिएका कथाहरू विद्यार्थीको उमेर र स्तर अनुकूल हुनुपर्दछ । कक्षा १० मा समावेश गरिएका कथाहरू कतिको स्तरयुक्त र उपयुक्त क्रममा रहेका छन् । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य हासिल गर्न सक्षम छन् वा छैनन् भन्ने पत्ता लगाई आवश्यक सुधारका लागि सुझाव दिनका लागि यसको महत्त्व रहेको छ ।

## १.७ शोध अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार पारिएको २०६४ सालमा प्रकाशित कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथा विधामा मात्रमा सीमित रहेको छ ।।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाका पाठहरूमा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्य मूलतः पाठ्यपुस्तकभित्र दिइएका कथाहरूको विभिन्न कोणबाट वर्गीकरण र विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रकृतिको भएकाले यसमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । साथै सम्बन्धित कथाहरूको वर्गीकरण र विश्लेषणका निम्ति सैद्धान्तिक आधार प्राप्त गर्न वर्णनात्मक विधिको उपयोग पनि गरिएको छ । यसरी मुख्य सामग्रीका रूपमा शिक्षक निर्देशिका , भाषा शिक्षणका आधिकारिक ग्रन्थहरू लिइएका छन्

## १.९ शोधको रूपरेखा

शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताब समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन शीर्षकको यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : सैद्धान्तिक परिचय

अध्याय तीन : माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको उद्देश्य

अध्याय चार : निर्धारित कथाको विषयवस्तुगत र भाषिक संरचना र शब्दभण्डारको आधारमा विश्लेषण

अध्याय पाँच : छनोट र स्तरणका आधारमा कथाको विश्लेषण

अध्याय छ : नमुना अभ्यासको विश्लेषण

अध्याय सात : निष्कर्ष र सुझाव

अध्याय दुई

# कथाको सैद्धान्तिक परिचय

## २.१ कथाको परिचय

परापूर्व कालदेखि नै कथा भन्ने र सुन्ने परम्परा रहेको पाइन्छ । कथाले मानवजीवनका विविध पक्षलाई समेटेको हुन्छ । प्राचीन कथाहरु मानव कल्पनाका उपज थिए । परी, भूत, प्रेतजस्ता रहस्मय कुराहरुलाई विषयबस्तु बनाइएका कथाहरु आज पनि पूराकथाको रूपमा जीवन्त छन् । समयको क्रमसँगै उपदेशमूलक, मनोरञ्जनात्मक,धार्मिक, पौराणिक आख्यानहरु मौखिक परम्परामै भनिदै र सुनिदै आए । लोकपरम्पराबाट सुरु भएको कथाले साहित्यको सशक्त विद्याका रूपमा आफूलाई अभ्याएको छ । आधुनिक सन्दर्भमा कथा मानव जीवनका यथार्थहरुसित निकट सम्बन्ध राख्ने लोकप्रिय साहित्यिक विधाको रुपमा चिनिन्छ र यसले व्यक्ति र समाजका विविध आरोह अवरोह द्वन्द प्रतिद्वन्द, घात प्रतिघात आदि विविध सामाजिक र मनोवैज्ञानिक यथार्थहरुलाई मुख्य आधार मानी घट्ना र चित्रहरुको कथात्मक संयोजनलाई ग्राह्यता दिएको हुन्छ । संस्कृतको ‘कथ्Ú धातुमा ‘आÚ प्रत्यय लागेर कथा शब्द बनेको छ । यसको अर्थ केही कुरा ‘कहनुÚ वा कथेर बताउनु भन्ने हुन्छ । कथालाई अङ्ग्रेजीमा ‘स्टोरीÚ भनिन्छ । यसका लागि हिन्दीमा ‘कहानीÚ र बङ्गालीमा ‘गल्पÚ शब्दको प्रयोग गरिन्छ । कथा विधा साहित्यको पुरानो विधा हो । कथाको इतिहास खोज्दै जाने हो भने प्राचीन कालसम्म पुग्नुपर्ने हुन्छ । पूर्वीय साहित्य क्षेत्रमा महाभारत रामायण र पुराण आदि प्राचीन ग्रन्थमा कथाका रूप देख्न पाइन्छ । लेख्य रूप आउनु अगाडि नै कथाले मौखिक परम्परामा आफूलाई समृद्ध बनाइसकेको पाइन्छ । बौद्ध जातक कथा, पञ्चतन्त्र, हितोपदेश आदि कथाले कथाको प्राचीनताको पुष्टि गर्दछन् । पश्चिममा समेत इटाली,ग्रिस ,मिश्र आदि मुलुकमा प्राचीन कथाहरू पाइन्छन् । कथामा गद्यात्मकता र आख्यानात्मकताको मात्रा प्रचुर मात्रामा पाइन्छ । कथा कुनै शास्त्रीय नियम वा लक्षणहरूसित आबद्ध परम्परागत विधा होइन । आफ्नै व्यापक परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो

एक लचिलो र साथै परिवर्त्य साहित्य-रूप हो । कथाले आफ्नो स्वरूपलाई युगसापेक्ष परिर्वतन गर्दै लगेको सन्दर्भमा कुनै निश्चित परिभाषामा समेट्न सकिँदैन । कथालाई चिनाउने सन्दर्भमा विभिन्न विद्वानहरुले विभिन्न परिभाषा दिएका छन् । तीमध्ये पाश्चात्य,पूर्वीय र नेपाली साहित्यकारहरूले दिएका केही प्रमुख परिभाषा यस प्रकार छन् ।

## २.१.१ पाश्चात्य साहित्यमा कथा

पूर्वीय र पाश्चात्य जगतमा पुराना कथाको अति प्राचीन परम्परा रहेको पाइन्छ । तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन स्वरूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ , त्यो १९ औं शताब्दीको पाश्चात्य जगतकै देन हो । पाश्चात्य साहित्यका आदिमहाकाव्यकार मानिने ग्रिसका होमरका इलियड र ओडिसी महाकाव्यमा लामाछोटा अनेक कथात्मक रूप देख्न सकिन्छ । इटलीमा छोटो गद्यात्मक रूपको सँगालो डेकामराँलाई महत्वपूर्ण मानिन्छ । आधुनिक कथाको सूत्रपात उन्नाईसौं शताब्दीको दोस्रो दशकदेखि भएको हो । जर्मनका होफम्यान ,पाउलहेस,लुडविगटिक ,नाथानियल हर्थन जस्ता कथाकारले आधुनिक कथाका लागि सन् १८१२ देखि सन् १८२१ सम्ममा महत्वपूर्ण योगदान दिए । त्यसपछि अमेरिकी कथाकार एडगर एलेन पो फ्रान्सेली आख्यानकार वाल्जाक,इमाइल जोला,मोपासा रसियाली कथाकार पुस्किन,टल्सटाय, म्याक्सिम गोर्की , अङ्ग्रेजी कथाकार चाल्स डिकेन्स आदिले कथाको सैद्धान्तिक स्वरूप निर्धारणमा योगदान दिए । कथाबारे पाश्चात्य साहित्यका केही विद्वानका विचारहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ [१] । एच.जी. वेल्सले २० मिनेटमा पढिसकिने आख्यानात्मक साहित्यलाई कथा भनेका छन् । त्यसै गरी एडगर एलेन पोको दृष्टिमा एक बसाइमा पढिसकिने एउटा प्रभावको सिर्जना गर्न लेखिएको र आफैमा पूर्णतया अखण्ड आख्यानलाई लघुकथा हो [२] । त्यस्तै म्याक्सिम गोर्कीले मनुष्य जीवनको गति र

१ गुणाकर भुसाल ,इन्द्रेणी ( काठमाण्डौं M क्षितिज प्रकाशन , २०५९) पृ.७
२ दयाराम श्रेष्ठ सम्पा. , नेपाली कथा भाग ४ (ललितपुर : साझा प्रकाशन,२०५७) पृ. ६

अनुभूतिको उज्यालो पक्षको प्रस्तुतीकरण नै कथा भनेका छन् । भारतीय विद्वान प्रेमचन्द्रका विचारमा कथा एक गमला भित्र फुलेका फुलहरूको सुन्दर मधुर अभिव्यक्ति हो ।[४]

उपयुक्त पाश्चात्य परिभाषालाई हेर्दा कथालाई एउटै चरित्र र एउटै परिस्थितिको सङ्क्षिप्त आयाममा समेटिएको युग जीवनको महत्वपूर्ण घटनाहरूको कलात्मक एवम् नाटकीय प्रस्तुतिमा एक प्रभाव उत्पन्न गर्ने गद्यात्मक अभिव्यक्तिका रूपमा चिनाइएको पाइन्छ ।

## २.१.२ पूर्वीय साहित्यमा कथा

कथा प्राचीनतम् विधा हो । कथाको उत्पति खोज्दै जाँदा वैदिक वाङ्मयसम्म पुग्नुपर्ने हुन्छ । ऋग्वेदमा जुवाडेको विलौना वृत्रवध आदिको वर्णन पाइन्छ । तापनि तिनमा कथाका उपकरणको अभाव देखिन्छ । ब्राह्मण ग्रन्थमा कथात्मक रूप पाइन्छ । तिनमा शुनशेफको कथा,महाजलप्रलयको कथा आदि छन् । पूर्वीय साहित्यमा आाख्यानको बलियो परम्परा लौकिक युगका रामायण र महाभारतबाट थालनी भएको मानिन्छ । इसाको दुई तीन सय वर्ष पूर्वतिर लेखिएका यी ग्रन्थ कति आख्यानका उपजीव्य ग्रन्थ बनेको पाइन्छ । लौकिक साहित्यपछि देखापरेका संस्कृत साहित्यको युगमा नीतिकथात्मक , लोककथात्मक रचनाहरू प्राप्त भएको पाइन्छ । पञ्चतन्त्र,हितोपदेश,तन्त्राख्यायिका जस्ता कथात्मक ग्रन्थ रहेका छन् । बुद्धसाहित्य अन्तर्गत पाली भाषामा लेखिएका अवदानशतक,जातकमाला,दिव्यादान आदि पनि कथात्मक शृङ्खलाका इटा हुन् । यसैगरी गुणाढ्यको वृहत् कथा, क्षेमेन्द्रको वृहत्कथामञ्जरी, सोमदेवको कथासरित्सागर आदि पूर्वीयकथा साहित्यका आधारहरू हुन् । सुवन्धुको वासवदत्ता, बाण भट्टको कादम्बरी संस्कृत साहित्यका आदर्श रचनाका रूपमा रहेका छन् । दण्डीको दशकुमार चरितम् कृतिमा साहसिक विस्मयकारी र कौतुहलपूर्ण घटनालाई वर्णन गरिएको छ । पूर्वीय साहित्यमा वैदिक साहित्यदेखि लौकिक साहित्य हुँदै संस्कृत साहित्यसम्ममा कथात्मक

---

४ पारसमणि भण्डारी र अन्य ,सम्पा. नेपाली गद्य र नाटक (काठमाण्डौंMविद्यार्थी पुस्तक भण्डार ,२०६४) पृ.

रचना धेरै पाइने भए पनि विधागत कलात्मकता भने पाइँदैन । पूर्वीय साहित्यका विद्वानहरूले दिएका कथाका परिभाषालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

दण्डीले भाषा र कथनका सन्दर्भमा कुनै त्यस्तो प्रावधान रहनु हुन्न । समष्टिमा सबैलाई कथा भनिदिए आपत्ति पर्दैन भनी कथालाई चिनाएका छन् । [५] यसै गरी वाणभट्टका विचारमा कथा प्रकाश छर्ने दियोझैं मनलाई ज्योतिमय तुल्याउने आख्यानात्मक रचना हो । आचार्य आनन्दवर्द्धनका दृष्टिमा विविध फलागमको उद्देश्य लिएर लेखिएको इतिवृत्त सकल कथा हो । [६] यसै गरी कौटिल्यले कथालाई धर्मशास्त्र,अर्थशास्त्र र इतिहासमा आधारित आख्यानात्मक रचनाका रूपमा चिनाएका छन् ।

## २.१.३ नेपाली साहित्यमा कथा

विं.स. १८००तिरका मानिएका राज प्रपञ्चैको व्यहोराको एउटा खिस्सा, र सत्सङ्गको वर्णन भयाको कथाहालाई नेपाली भाषाका पहिला कथा मानिन्छ । यस समयदेखि हालसम्मको नेपाली कथामा प्राथमिक काल (वि.स. १८०० देखि १८५७ सम्म) मा शक्तिवल्लभ अर्यालको महाभारत विराट पर्व र हास्यकदम्व ,भानुदत्तको हितोपदेश मित्रलाभ ,रामभक्त पाध्याको लक्ष्मी धर्म संवाद, पिनासको कथा, मुद्राराक्षस मुन्सीका तीन आहान,आदि रचना देखापर्दछन् । यस चरणका अधिकांश कथा अमुद्रित ,हस्तलिखित अवस्थामा रहेका छन् । नेपाली कथाको माध्यमिक काल ( वि.सं.१९५८ देखि १९९१ सम्म) मा बदला, सज्जन सिंह, धर्मात्मा,स्वर्गको साँचो ,अद्भूत कुकुर, गायकचरित्र, छट्टुविलास, उपन्यास,एउटा गरिब सार्कीको छोरी,अन्नपूर्ण, देवीको बलि, आदि कथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भए । माध्यमिक कालका कथामा आधुनिकतालाई आवश्यक पर्ने समाजको यथार्थचित्रण, तत्त्वगत सचेतता, मनोवैज्ञानिकता ,भाषाको परिमार्जित रूप आदि पाइँदैन । नेपाली कथाको आधुनिक काल (वि.स.१९९२ देखि हालसम्म) को थालनी गुरुप्रसाद मैनालीले गरेको मानिन्छ । उनको नासो कथामा

५ गुणाकर भुसाल,इन्द्रेणी (काडमाण्डौं M क्षितिज प्रकाशन,२०५९)पृ.४
६ ऐ.ऐ पृ. ४

कथानकको उचित संयोजन,सामाजिक यथार्थको चित्रण कथातत्वको सचेचता,जीवन्त चरित्र, पात्रअनुकूल भाषा प्रयोगले गर्दा यसलाई नेपाली कथाको पहिलो आधुनिक कथा मानिन्छ । गुरुप्रसाद मैनालीका साथै विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, पुष्कर शमशेर, गोविन्दबहादुर मल्ल , रमेश विकल आदिले नेपाली कथाको क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । नेपाली साहित्यका विद्वानहरूले दिएका कथाका परिभाषालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

भरतराज पन्तका दृष्टिमा अघिको कुरा अहिलेको कथा, अहिलेको कुरा पछिको कथा र सुख,दु:खको स्थितिमा कथा,अनि दु:ख नै सुखमा कथा हो । महाकवि देवकोटाले कथालाई सानो संसार चियाउने एउटा सानो आँखीझ्यालका रूपमा लिँदै समाज सुधारक मनुष्य उपर प्रभावकारी कुराका रूपमा लिएका छन् ।[७] यसै गरी ईश्वर बरालले एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्त नै इष्टार्थ हुनाले एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन कथाले गर्छ भनेका छन् ।[८]

. उपर्युक्त नेपाली साहित्यकारहरूको परिभाषालाई केलाउँदा कथालाई जीवनजगतको घटना,भावदशा वा प्रवृत्तिविशेषको चित्रण गर्दै गद्यमा लेखिएको सङ्क्षिप्त आख्यानात्मक विधालाई कथा भनिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने कुनै एक परिभाषाद्वारा कथालाई चिनाउन नसकिने हुनाले विभिन्न विद्वानहरूका भनाइका सारसमष्टिबाट कथाको परिचय रस्वरूप ठम्याउनुपर्ने हुन्छ । अर्थात कथालाई गद्य भाषामा लेखिएको कथावस्तु पात्र, दृष्टिविन्दु, सारवस्तु जस्ता तत्वहरू र रूपविन्यासअन्तर्गतका पदविन्यास,बिम्बविधान व्यङ्ग्य, प्रतीकविधान, शीर्षकजस्ता तत्त्वहरूले परिपुष्ट वर्णनात्मक , विवरणात्मक व्याख्यात्मक शैलीमा लेखिएको थोरै पात्र भएको उपन्यासभन्दा सानो आकारमा जीवन र जगतको

---

७ पारसमणि भण्डारी र अन्य ,सम्पा. नेपाली गद्य र नाटक (काठमाण्डौंM विद्यार्थी पुस्तक भण्डार ,२०६४) पृ.६

८. ऐ.ऐ. पृ.६

कुनै एक पक्षलाई हृदयसंवेद्य आख्यानमा अभिव्यक्त गरिएको रचना नै आधुनिक कथाको स्वरूपगत विधा हो भन्न सकिन्छ ।

## २.२ कथाका तत्त्वहरू :

कथाले कथात्मक रुप ग्रहण गर्न केही तत्व वा उपकरणविना कथाले सङ्गठित रूप प्राप्त गर्न सक्दैन । विभिन्न तत्वहरुको मेलबाट एउटा सिङ्गो तथा पूर्ण कथा जन्मन्छ । कथाका तत्व सम्बन्धमा विभिन्न विद्वानहरूका आआफ्नै धारणा रहेको पाइन्छ । जे.वि.एस्सेनवाइनले कथाका मुख्य तत्वहरू प्रभावैक्य,श्रेष्ठ कथानक,मुख्य घटना,मुख्य पात्र,समस्या र त्यसको समाधानलाई मानेका छन् । साहित्य समीक्षक हडसनले कथावस्तु,चरित्र,संवाद, देशकाल वातावरण र  उद्देश्यलाई कथाका तत्व मानेका छन् । ईश्वर बरालले कथानक,पात्र,सङ्घर्ष घटना,संशय,पराकष्ठा र कलात्मक अन्त्यलाई कथाका तत्त्व मानेका छन् ।  कथाको वर्तमान स्वरूप र गतिलाई  हेर्दा कथा निर्माणमा सहयोग गर्ने तत्त्व वा उपकरणहरु निम्नानुसार मान्न सकिन्छ  M

(क) कथानक/कथावस्तु (ख) पात्र वा चरित्र

(ग) उद्देश्य (घ) परिवेश

(ङ) भाषाशैली (च) दृष्टिविन्दु

कथाको उपयुक्त तत्वविभाजन परम्परागत मान्यतामा आधारित छ भने नवीन साहित्यशास्त्रीय समालोचनाअनुसार कथालाई संरचना (Structor) र रूपविन्यास (Texture) गरी दुई खण्डमा विभाजन गरिएको पाइन्छ । संरचनाअन्तर्गत कथावस्तु ,पात्र , सारवस्तु र दृष्टिविन्दु पर्दछन भने रूपविन्यासअन्तर्गत पदविन्यास ,बिम्बविधान, व्यङ्ग्य,प्रतीक,प्राकसन्दर्भ र शीर्षक पर्दछन् ।

### २.२.१ कथावस्तुः

कथावस्तु कथाको बृहत्तम् अवयव हो । यसले कथाका संरचनाको स्थूल र सबल तत्त्वको बोध गराउँछ । पात्रद्वारा गरिने कार्य र सो कार्य गर्दा घट्ने घट्नालाई कथावस्तु भनिन्छ । कथावस्तु नै कथा संरचनाको आधारशीला हो । कथावस्तुको व्यवस्थित विन्यासलाई कथानक पनि भनिन्छ । अर्थात् कार्यकारण सम्बन्ध भएका घटनाहरूको वर्णन कथानक

हो । कथा कल्पनाप्रधान हुन्छ । कथामा बुद्धितत्वको प्रयोग गरेर कथानकको निर्माण गरिन्छ । तर्क, बुद्धि र कल्पना कथाका प्रमुख तत्त्वहरु हुन् । कथाकारका धारणा र अनुभूतिको मूर्त रूपाकृति नै कथावस्तु हो । कथावस्तुमा उपयुक्त र आवश्यक घट्नाहरुको संयोजन हुन्छ । भौतिक, नवीन प्रभावोत्पादक, विश्वसनीय विषयवस्तु नै कथावस्तुको मुख्य आधार हुन्छ । कथायोजना गरिएको घटना, अवस्था, स्थिति, प्रसङ्ग परिवेश आदिको संयोजन नै कथानक हो । आवश्यक द्वन्द्व र कौतुहलताले कथावस्तुलाई प्रभावकारी बनाउँछ । कतिपय कथामा कथावस्तु सघनरूपमा पाइन्छ भने कतिपय कथामा कथावस्तु पातलो वा क्षीण रुपमा हुन्छन् । कथानकको प्रारम्भ र अन्त्य कलात्मक र प्रभावकारी हुन जरुरी छ । इतिहास, यथार्थ, मिथक रागात्मक, सौन्दर्य, स्वैरकल्पना आदि कथात्मकका स्रोत हुन् । आखिर कथावस्तुको स्रोत जे भएपनि जस्तो रूपको भए पनि कथा निर्माणमा यसको अपरिहार्यता रहन्छ ।

## २.२.२ चरित्रः

कथामा सामग्रीका रूपमा देखिने व्यक्तिहरू वा वस्तुलाई नै पात्र वा चरित्र भनिन्छ । पात्र विना कथा हुदैन तर पात्रको रूपमा मान्छे नै हुनुपर्दछ भन्ने हुदैन । पात्रकै क्रियाकलापले कथावस्तु अगाडि बढ्छ । पात्रले द्वन्द्व, कुतुहलता, कियाव्यापार आदि तत्वलाई सक्रिय गराउने काम गर्दछ । कथाकारले कथामा पात्रकै माध्यमबाट आफ्नो दृष्टिकोण वा जीवनदर्शन प्रस्तुत गर्ने काम गर्दछ । वर्तमान समयमा कथालाई प्रस्तुत गर्ने क्रममा कथावस्तुतिर भन्दा चरित्रमा जोड दिन थालिएको पाइन्छ । चरित्रको प्रधानता देखाइएको कथा चरित्रप्रधान हुन्छ । कथामा विभिन्न किसिमका पात्रहरुको उपस्थिति रहन्छ । पात्रहरू लिङ्गका आधारमा स्त्री र पुरुष , कार्यका आधारमा प्रमुख, सहायक र गौण प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकुल , स्वभावका आधारमा स्थिर र गतिशील, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य र आबद्धताका आधारमा मुक्त र बद्ध हुन्छन् । कथामा चरित्रलाई देखाउने तरिकालाई चरित्रचित्रण भनिन्छ । चरित्रचित्रण गर्ने प्रमुख तीन विधि छन् M वर्णनात्मक , आत्मकथनात्मक र नाटकीय विधि ।

वर्णनात्मक विधिअन्तर्गत लेखकले पात्रको विशेषता, गुण  र स्वरूपको परिचय दिएको हुन्छ । नाटकीय विधिमा कथाकार तटस्थ बसेर संवाद,वादविवाद र विभिन्न घटना र त्यसबाट उत्पन्न क्रियाप्रतिक्रियाका माध्यमबाट चरित्रचित्रण गरेको हुन्छ । आत्मकथनात्मक विधिमा पात्रले आफ्नो विचार ,अनुभव पात्रका माध्यमबाट व्यक्त गर्दछ अथवा पात्रका रूपमा स्वयं आफू पनि संलग्न भएको हुन्छ । आधुनिक कथामा कथानकलाई भन्दा चरित्रचित्रणलाई ज्यादा जोड दिएको पाइन्छ । कथाको पात्रमा स्वाभाविकता र सजीवता हुनुपर्दछ । पात्र प्रभावकारी भएमा मात्र कथा राम्रो हुन्छ ।

२.२.३ उद्देश्यः

कथाले स्थापना गर्न चाहेको निष्कर्षलाई उद्देश्यअन्तर्गत लिन सकिन्छ । उद्देश्यलाई जीवनदृष्टि पनि भनिन्छ । उद्देश्य विना कथाको सिर्जना गरिदैन । कथाकारले कथाको माध्यमबाट समाजलाई केही न केही सन्देश दिन चाहेको हुन्छ । कथामा प्रस्तुत गरिने विचार वा उद्देश्य प्रत्यक्ष नभएर अप्रत्यक्ष रूपमा कलात्मक बनाएर प्रस्तुत गरिनुपर्दछ । जीवन जगतमा घटेका वा घट्न सक्ने घटनालाई सिर्जनात्मक क्षमताले काल्पनिक रूपमा प्रस्तुत गरी मनोरञ्जन प्रदान गर्नु जीवनको कुनै पक्षको उद्घाटन गर्दै समाजलाई शिक्षा र सन्देश दिनु नै कथाको उद्देश्य हुन सक्छ । यसै गरी समाज सुधारको चाहना, यथार्थको प्रस्तुति, नीतिसन्देश , मनका विभिन्न वृत्तिहरूको वर्णन सौन्दर्यात्मक प्रभाव, वैचारिक सन्देश दिनु आदि कथाका उद्देश्य हुन सक्छन् । उद्देश्य जस्तोसुकै भए पनि स्पष्ट,स्वस्थ र  सकारात्मक हुनुपर्दछ । कथामा कथाकारले उद्देश्यलाई सोझो अथवा घुमाउरो पारामा  प्रस्तुत गरेको हुन सक्दछ । समाजलाई गतिशील र परिष्कृत गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उद्देश्य कथाकारको मनोभावना, जीवनजगतको चित्रण गर्ने र नवीन भावनाको दिशाबोधक तत्त्व भएकाले यसलाई कथाको महत्वपूर्ण तत्त्व मानिन्छ ।

## २.२.४ परिवेशः

कथामा पात्रहरुले कार्य गर्ने र घट्नाहरु घट्ने समय, ठाउँ तथा वातावरणलाई परिवेश भनिन्छ । परिवेशलाई देश,काल र वातावरण पनि भनिन्छ । कथामा वर्णन गरिएको स्थान, समय ,परिस्थिति ,विश्वसनीय र वातावरण सुहाउँदो भएन भने कथा पत्यारिलो हुदैन । परिवेशअन्तर्गत समयविशेष, स्थानविशेषको बोली,आचरण,व्यवहार,संस्कार, सामाजिक परिपाटी,धर्म,चालचलन,रीतिरिवाज,व्यवहार,भेषभूषा,पहाड,तराइ,हिमाल,शिक्षित समाज,अशिक्षित समाज,वनजङ्गल,साँझ,बिहान, रहनसहन, गाउँले र सहरीया जीवनका साथै पात्रका सोचाइ,अनुभव आदि पर्दछन् । परिवेशलाई आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । बाह्य परिवेशअन्तर्गत भौगोलिक प्राकृतिक पक्षसँग सम्बन्धित पक्ष र आन्तरिक परिवेशअन्तर्गत पात्रको मानसिक पक्षसँग सम्बन्धित पक्ष पर्दछन् । पात्रको चरित्र स्पष्ट पार्न र घट्ना क्रियाकलापलाई प्रभावकारी बनाउन परिवेश आवश्यक पर्दछ । पात्रको व्यक्तित्व, परिवार, र पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक परम्परा, गाउँ,सहर,प्रकृति, ऋतु मौसम र अन्य भौगोलिक विशेषता समेत परिवेशका परिचयाक हुन् ।

## २.२.५ भाषाशैलीः

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।कथा प्रस्तुत गर्ने माध्यम नै भाषा हो । कथा गद्य भाषामा लेखिन्छ । भाषाअन्तर्गत उखानटुक्काको प्रयोग ,तत्सम र तद्भव शब्द पर्दछन् । कथाको भाषा जति राम्रो हुन्छ अभिव्यक्ति त्यति नै सबल बन्दछ । भाषिक अभिव्यक्तिको तरिका शिल्प नै शैली हो । भाषिक प्रयोगका आधारमा शैली सरल र जटिल दुई प्रकारको हुन्छ । सर्वसाधारणले बुझ्ने सजिलो भाषा, उखान टुक्काको प्रयोग भएको सरल शैली र जनजीवनमा त्यति नचलेका कठिन शब्द र अलङ्कृत भाषाको प्रयोग भएकोलाई जटिल शैली भनिन्छ । भाषाशैली कथाकारको निजी पहिचान पनि हो । एउटा कथाकारबाट अर्को कथाकारलाई छुट्याउने तत्त्व नै भाषाशैली हो । कथालाई रोचक ,प्रभावकारी बनाउँन भाषाशैलीले ठूलो सहयोग गरेको हुन्छ ।

कथाप्रविधिका हिसावले शैलीका विभिन्न भेद हुन्छन् । वर्णनात्मक, विवरणात्मक, संवादात्मक, व्यङ्ग्यात्मक, स्मरणात्मक, हाँस्यात्मक आदि हुन्छन् । रचनाविधानका आधारमा घट्नाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक हुन्छन् ।वर्णनका आधारमा शैली दुई किसिमका हुन्छन् - व्यास शैली र समास शैली । विषयवस्तुको फैलावट ज्यादा भएकोलाई व्यास शैली भनिन्छ । यसप्रकारको शैलीअन्तर्गत कथा छोटोछरितो नभइ लामो हुन्छ । कथावस्तु ,घटना,परिवेश आदिको वर्णनमा सङ्क्षिप्त र सूत्रात्मक प्रयोगलाई समास शैली भनिन्छ । कथाको भाषा शैली क्लिष्ट र दुरुह नभएर सरल सहज र सुबोध हुनुपर्दछ ।

## २.२.६ दृष्टिविन्दुः

कथाकारले कथा भन्नका लागि रोजेको स्थानलाई दृष्टिविन्दु भनिन्छ । अथवा कथाको समाख्यता को हो र कथाकारले आफूलाई कहाँनेर राखेको छ भन्नेकुरामा दृष्टिविन्दु निर्भर गर्दछ । कथामा दृष्टिविदु दुई प्रश्नमा आधारित हुन्छ ,ती हुन-(१) कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ? र (२) कथासँग त्यस पात्रको कुन प्रकार को सम्बन्ध कायम रहेको छ ? दृष्टिबिन्दु त्यो स्थिति,स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफनो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुचाउँछ । कथाकार र पाठकवर्गबीचको सम्बन्धसुत्र नै दृष्टिबिन्दु हो । दृष्टिविन्दु आन्तरिक र बाह्य गरी २ प्रकारको हुन्छ । म, हामी पात्र हुँदा प्रथम पुरुष (आन्तरिक) दृष्टिविन्दु र ऊ, उनी, त्यो, तिनी वा कुनै व्यक्तिवाचक नाम पात्र हुँदा तृतीय पुरुष (बाह्य) दृष्टिविन्दु हुन्छ । आन्तरिक दृष्टिबिन्दु केन्द्रीय र परिधीय दुई प्रकारको हुन्छ । म वा हामी पात्र कथाको शीर्ष भूमिकामा देखा परेमा केन्द्रीय र म वा हामी पात्र पात्रका रूपमा छ तर मुख्य भूमिकामा नभएर सहायक वा गौण भूमिकामा रहेमा परिधीय दृष्टिबिन्दु हुन्छ । बाह्य दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक तीन प्रकारको हुन्छ । सबै पात्रको भावना ,प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिएको सर्वदर्शी दृष्टिबिन्दु हुन्छ । सीमित दृष्टिबिन्दुमा एउटा मात्र पात्रको मानसिक संसारको

विश्लेषण गरिएको हुन्छ भने वस्तुपरक दृष्टिबिन्दुमा चाहिं कुनै पनि पात्रको मानसिक संसारको विश्लेषण गरिएको हुँदैन ।

उल्लिखितबाहेक पनि कथाका तत्वहरू रहेका छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म पठनरुचिलाई निरन्तर कायम राख्ने तत्व कौतुहल हो । यसले कथाप्रति उत्सुकता जन्माएर पाठकलाई तान्ने काम गर्दछ । कथामा द्वन्द्व पनि पाइन्छ । द्वन्द्वलाई सङ्घर्ष पनि भनिन्छ । द्वन्द्व पात्रपात्र बीच तथा एउटै पात्रको मनबीच हुने गर्दछ । यसै गरी संवाद पनि कथाको गौण तत्त्व हो । कथाका लागि अनिवार्य तत्त्व होइन तर संवादले एकोहोरो पट्यारिलो वर्णनबाट मुक्त गराएर कथालाई रोचक बनाउन सहयोग पु-याउँछ । शीर्षकलाई पनि कथाको तत्व रूपमा लिन सकिन्छ । कथाका लागि कथाकारले दिएको नाम नै शीर्षक हो । शीर्षककै आधारमा कथा चिनिन्छ । कथाका लागि पात्र, घटना, निष्कर्ष,वा प्रतिकात्मक आधारमा शीर्षक चयन गर्न सकिन्छ । सामान्यतया पद वा पदावली स्तरमा कथाको शीर्षक हुनु राम्रो मानिन्छ ।

## २.३ कथाको वर्गीकरण

कथाको वर्गीकरण विभिन्न आधारमा गरिएको पाइन्छ । ती वर्गीकरणमा सबैको दृष्टिकोण एकैनासको पाँइदैन । विषयवस्तु शैली ,उद्देश्य,प्रभाव ,धारा प्रकार आदि आधारमा कथालाई वर्गीकरण गर्न सकिन्छ । कथाको वर्गीकरण गर्दा भिन्नभिन्न आधारमा पनि एउटै प्रकार दोहोरिएर आउने समस्या देखापर्दछ । कथा वर्गीकरणका केही आधार र तिनका किसिम यस प्रकार छन् ।

विषयवस्तुका आधारमाकथालाई सामाजिक ,पौराणिक , ऐतिहासिक , मनोवैज्ञानिक राजनैतिक , सास्कृतिक कथा गरी ६ प्रकारमा विभाजन गरिएको पाइन्छ । उद्देश्यका आधारमा घटनाप्रधान, चरित्रप्रधान , समस्याप्रधान , रहस्यप्रधान भनेर विभाजन गर्ने प्रचलन देखापर्दछ । .शैलीका आधारमा वर्णनात्मक , डायरी शैली , स्वगत कथनात्मक शैली र पत्रात्मक शैली तथा सङ्गठनका आधारमाजटिल कथा र अजटिल कथा भनेर वर्गीकरण गरिएको पाइन्छ । यसै गरी कथालाई स्रोतका आधारमा ऐतिहासिक , पौराणिक कथा , स्वैरकल्पनात्मक कथा र यथार्थवादी कथा

गरी चार प्रकारमा विभाजन गरिएको पाइन्छ ।  धाराका आधारमा आदर्शोन्मुख यथार्थवादी कथा ,ययार्थवादी ,प्रगतिवादी र  अतियथार्थवादी भनेर विभाजन गरिएको पाइन्छ । कथालाई.प्रस्तुतिका आधारमा शुद्ध कथा ,  निबन्धात्मक  ,  कथाकाव्यात्मक कथा  नाटकीय कथा  आकारका आधारमा  लामा कथा  र  छोटा  कथा  प्रकृतिका आधारमा लोक कथा ,  पौराणिक कथा ,नीति कथा  ,  ऐतिहासिक कथा र आधुनिक कथा भनेर विभाजन  गर्ने प्रचलन रहेको पाइन्छ ।

## २.४ कथासँग अन्य विधाको सम्बन्ध

साहित्यका हाँगाबिगाँहरू नै साहित्यका विधा हुन् ।  साहित्यका सबै विधाको पहिचान आफ्नै किसिमको पहिचान हुने भए पनि विधाहरूबीच कतिपय समानता वा निकटता । पाउन सकिन्छ । कुनै विधाको खास आफ्नो पहिचानको विशेषतासँग  सम्बन्ध राख्ने समान भिन्न विशिष्टताका आधारमा अन्य विधासँगको सम्बन्ध पहिल्याउन सकिन्छ । कथा विधाको स्वरूप , संरचना र तत्व केही विधासँग मिल्ने पाइन्छ भने केही कुरामा भिन्नता समेत पाइन्छ । कथाको अन्य विधासँगको सम्बन्धलाई निम्नानुसार हेर्न सकिन्छ

### २.४.१ उपन्याससँग कथाको सम्बन्ध

कथाको सवैभन्दा नजिकको सम्बन्ध उपन्याससित रहेको हुन्छ । कथा र उपन्यास दुवै आख्यानात्मक विधा हुन् । कथा र उपन्यास दुवै साहित्यका श्रव्य र पाठ्य भेद हुन् । दुवैमा प्रस्तुतीकरण,कथानक,पात्र,परिवेश ,शिल्प हुन्छन् । दुवैको भाषा गद्य हुन्छ । दुवैको शैली व्याख्यात्मक वर्णनात्मक र विवरणात्मक हुन्छ । दुवै विधामा कथावाचक  कुनै पात्र वा कथाकार आफैं हुन्छ । दुवै विधामा प्रथमपुरुष वा तृतीयपुरुष दृष्टिविन्दु हुन सक्छ । दुवै विधामा  घटना काल्पनिक चरित्रका माध्यमबाट अभिव्यक्त गरिन्छ । यति हुँदा हुँदै पनि कथा  र उपन्यासमा पर्याप्त भिन्नता पाउँन सकिन्छ । उपन्यासभन्दा कथालाई भिन्न देखाउने अनेक आधार र तत्वहरू छन् । उपकरणको गुम्फन र उद्देश्यको स्थापन,उपन्यासको सापेक्षतामा कथामा सीमित हुन्छ । कथा फटाफट अगाडि बढेको हुन्छ भने उपन्यास अल्छे पाराले बिस्तारै अगाडि बढेको हुन्छ । कथाको आयाम लघु प्रकारको हुन्छ भने उपन्यासको आयाम व्यापक प्रकारको हुन्छ । कथा एकै बसाइमा

पढि सकिन्छ भने उपन्यास एकै बसाइमा पढिसकिदैन । कथा सिधा अपेक्षित दिशातिरमात्र अघि बढेको हुन्छ भने उपन्यास जीवनका विविध कोण र सूक्ष्म एवं सहायक दिशातिर अघि बढेको हुन्छ । उपन्यास एउटा प्राकृतिक सागर हो । त्यसभित्र महत्वपूर्ण रत्नको खानी र मूल्यहीन कौडा पनि रहन सक्छन् तर कथा साजसज्जायुक्त ,पारदर्शी सानो जलाशय हो । उपन्यासलाई झ्याङ्गिएको वरको रुख र कथालाई काँटछाँट गरिएको गमलाको गुलाफको फूलसँग तुलना गर्न सकिन्छ । कथालाई लम्ब्याएर उपन्यास र उपन्यासलाई छोट्याएर कथा बनाउन सकिदैन । यी दुवैको आफ्नै विधागत अस्तित्व र मौलिक पहिचान रहेको पाइन्छ ।

## २.४.२ कवितासँग कथाको सम्बन्ध

कथा पद्य विधा हो भने कथा गद्य विधा हो । यी दुई बीचमा समानता ,असमानता दुवै भेटिए पनि असमानता नै ज्यादा भेटिन्छ । कवितामा पनि कुनै न कुनै रूपमा कथात्मकता पाइन्छ । अझ कविताको मझौला रूप (खण्डकाव्य) र वृहत् रूप ( महाकाव्य) विना आख्यान सम्पन्न हुन सक्दैनन् । फुटकर कविता कविता विधाको लघु उपविधा हो भने कथा आख्यानको लघु उपविधा हो । यसरी आकारका दृष्टिले समेत यी दुई विधा बीचमा समानता भेटिन्छ । दुवै विधा श्रव्य,पाठ्य विधा हुन् । कथा व्याख्यात्मक विवरणात्मक हुन्छ भने कविता वर्णनात्मक र सूत्रात्मक हुन्छ । कविताको गठन सूक्ष्म हुन्छ भने कथाको गठन स्थूल हुन्छ । कविता वस्तु ,भाव र विचारसँग सम्बन्धित हुन्छ भने कथा घटना र प्रसङ्गसँग सम्बन्धित हुन्छ । कविता गद्य पद्य जे जस्तो भए पनि लयात्मक हुन्छ भने कथामा लयात्मकताको सर्वथा अभाव रहन्छ ।

**२.४.३ नाटकसँग कथाको सम्बन्ध** मौलिक वैषम्य हुँदाहुँदै पनि कथा र नाटकमा गद्यात्मक प्रस्तुति र आख्यानात्मकता रहेको पाइन्छ । उद्देश्य र विचारका दृष्टिले पनि दुवै विधाबीचमा समानता रहेको छ । कथालाई कलात्मकता प्रदान गर्न नाटकीकरण प्रविधि अपनाउन सकिन्छ भने नाटकमा पनि कथावस्तु रहेको हुन्छ । दुवैको गठन स्थूल हुन्छ । कथा श्रव्य पाठ्य हुन्छ भने नाटक दृष्य पाठ्य हुन्छ । नाटक अङ्क , दृश्यमा विभाजन गरिएको हुन्छ भने कथामा त्यस्तो विभाजन नभएर स्वतन्त्र प्रस्तुति रहन्छ ।

कथामा संवाद ऐच्छिक तत्वका रूपमा आएको हुन्छ भने नाटकमा संवाद अनिवार्य हुन्छ । नाटक अभिनयप्रधान विधा हो पात्र पात्राले आफ्नो अभिनयको माध्यमबाट कथावस्तुलाई अगाडि बढाउँछन् । कथा वर्णनात्मक विधा हो कथाकारको व्याख्या विश्लेषण र प्रस्तुतिका माध्यमबाट कथावस्तु अगाडि बढछ । कथामा जीवनजगतको एक पक्षको चित्रण गरिएको हुनछ भने नाटकमा जीवनजगतको सिङ्गो पक्षको चित्रण गरिएको हुन्छ । कथा मनोभिनयात्मक प्रस्तुति हो भने नाटक मञ्चाभिनयात्मक प्रस्तुति हो । कथाका तुलनामा नाटक बढी यान्त्रिक विधा हो । यस प्रकार कथा र नाटकमा पर्याप्त भिन्नता पाइन्छ । यी दुवै आआफ्ना पहिचान बोकेका अलगअलग विधा हुन् ।

### २.४.४ निबन्धसँग कथाको सम्बन्ध

निबन्ध र कथा दुवै गद्य साहित्यका कलात्मक विधा हुन् । दुवैमा समस्या र घटना समान रहन्छ । कतिपय कथामा संरचनात्मक कसिलो प्रस्तुतिका साथै वैचारिकता पाइने र कतिपय निबन्धमा कथात्मकता पाइने हुन्छ । यी दुवै श्रव्य पाठ्य विधा हुन् । दुवैको गठन स्थूल प्रकारको हुन्छ । निबन्ध र कथा दुवैको आकार लघु प्रकारको हुन्छ । दुवैमा समस्या ,घटना र परिवेश समान रहन्छ । यति धेरै समानता हुँदाहुँदै पनि कथा र निबन्धका बीच प्रशस्त असमानता रहेको पाइन्छ । निबन्ध व्यक्तित्वप्रधान विधा हो भने कथा निर्वैयक्तिक र विषयगत विधा हो । कथाको शैली वर्णनात्मक,विवरणात्मक र व्याख्यात्मक रहेको हुन्छ । निबन्धको शैली विश्लेषणात्मक हुन्छ । कथाको दृष्टिविन्दु प्रथम र तृतीय रहेको हुन्छ भने निबन्ध द्वितीय दृष्टिविन्दुमा रहेको हुन्छ । कथामा आख्यानात्मक प्रबलता रहन्छ भने निबन्धमा बौद्धिकता र वैचारिकताको सघनता पाइन्छ । निबन्धमा वस्तुसँग लेखक स्वयं तरलित भएर पग्लिन्छ भने कथामा लेखक ठोस रूपमा अलग्गै रहेर समस्या र त्यसको बारेमा प्रस्तुति गर्दछ । कथामा प्रत्यक्षत पात्रको उपस्थिति रहन्छ भने निबन्धमा पात्रको अनिवार्यता रहदैन । कथाको प्रस्तुति बाह्याभिमुखी हुन्छ भने निबन्धको प्रस्तुति अन्तराभिमुखी हुन्छ । यिनै मूलभूत भिन्नताका कारणले कथा र निबन्धलाई अलगअलग विधाका रूपमा पहिचान दिन  सकिन्छ ।

अध्याय तीन

# पाठ्यक्रमअनुरूपताको स्थिति

## ३.१ पाठ्यक्रमको परिचय र परिभाषा

पाठ्यक्रम शब्द अङ्ग्रेजी भाषाको **करिकुलम** शब्दको नेपाली रूपान्तरण हो । ल्याटिन भाषाको **क्युरेर** शब्दबाट निर्मित करिकुलम शब्दले धावन मार्गको अर्थ दिन्छ । यसर्थ पाठ्यक्रम भन्नाले निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएको धावनमार्ग रूपी कार्यक्रमलाई पाठ्यक्रम भन्न सकिन्छ । शिक्षाको उद्देश्य निर्धारण भइसकेपछि त्यहाँसम्म पुग्नका लागि विभिन्न शैक्षिक क्रियाकलापहरू गर्नुपर्दछ । शैक्षणिक उद्देश्य प्राप्तिका लागि जुनजुन क्रियाकलापको अनुशरण गरिन्छ त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । त्यसैले पाठ्यक्रमलाई शैक्षिक क्रियाकलापको योजना भन्न सकिन्छ । विद्यार्थीहरूमा आवश्यकताअनुरूप व्यवहारिक परिवर्तनहरू ल्याउनका लागि सिकाइ अनुभवहरू एकत्रित गर्न र त्यसको शिक्षणबाट विद्यार्थीहरूमा आएको परिवर्तन को अङ्कन ,लेखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिने योजना पाठ्यक्रम हो । पाठ्यक्रमले विषयवस्तु के सिकाउने,कति सिकाउने,किन सिकाउने, कसरी सिकाउने, कुन क्रममा सिकाउने आदि कुरालाई स्पष्ट पार्दछ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य ,तहगत उद्देश्य, विषयवस्तुको छनोट,शिक्षण व्यवस्था,विषयवस्तुको क्षेत्र र क्रम आदि प्रष्ट किटान गरिएको हुन्छ । यस अर्थमा पाठ्यक्रम महत्वपूर्ण शैक्षिक दस्तावेज हो । पाठ्यक्रमको शाब्दिक अर्थ तथा परिवेश जे भए पनि आधुनिक शिक्षाविद्हरूले यसलाई आआफ्नै किसिमले परिभाषित गर्ने प्रयास गरेका छन् । तीमध्ये केही परिभाषा यसप्रकार छन् M

अलेक्जेन्डर र सेलरले पाठ्यक्रमलाई विद्यालयको भित्री वा बाहिरी वातावरणबाट अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई नै वास्तविक रूपमा चिनाएका छन् । [१]

---

१ केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, नेपाली भाषा र साहित्य शिक्षण (काठमाण्डौंM न्यु हिरा बुक्स इन्टरप्राइजेज,२०६०) पृ.२६६

यसै गरी मुनरोले (लामिछाने २०५८,२०) शिक्षाको उद्देश्य प्राप्तिका लागि विद्यालय वा शिक्षालयद्वारा उपयोग गरिने सबै अनुभवलाई पाठ्यक्रमभित्र राखिएको हुनुपर्दछ भनेका छन् । प्रसिद्ध शिक्षाविद् हिल्टातावा (लामिछाने २०५८,२०)विद्यालयभित्र र बाहिर विद्यार्थीहरूमा ऐच्छिक उपलब्धि हासिल गराउन विद्यालयबाट नै तर्जुमा गरिने सबै अनुभवलाई पाठ्यक्रम भन्छिन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षाको लक्ष्य हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनेर परिभाषित गरेको पाइन्छ । [२]

उल्लिखित परिभाषाहरूमा शाब्दिक भिन्नता पाइए तापनि प्रायजसोले पाठ्यक्रमलाई व्यापक अर्थमा बालबालिकाका लागि शिक्षण सिकाइको महत्वपूर्ण योजनाका रूपमा लिएका छन् । यसअन्तर्गत उद्देश्य,शिक्षणसामग्री, विषयवस्तु,शिक्षणसिकाइ क्रियाकलाप तथा मूल्याङ्कन जस्ता कुरा पर्दछन् । पाठ्यक्रमलाई सिकाइ अनुभवहरू प्रदान गर्न वा शिक्षाका उद्देश्यहरू हासिल गर्नका लागि सङ्गठित गरिएको कार्यक्रम हो भन्न सकिन्छ । पाठ्यक्रममा विद्यार्थीहरूको व्यक्तित्वको चौतर्फी विकास गर्न शिक्षक र विद्यार्थीहरूद्वारा गरिने सम्पूर्ण कार्यकलाप समाविष्ट गरिएको हुन्छ । यसमा शिक्षाको उद्देश्य प्राप्त गर्न आवश्यक साधारण तथा कक्षागत उद्देश्यहरू र मिल्दोजुल्दो पाठ्यांश समावेश गरिएको हुन्छ । त्यसैगरी उद्देश्य र विषयवस्तु अनुरूप अध्यापन विधि कार्यकलाप ,शैक्षिक सामग्री तथा मूल्याङ्कन प्रक्रियासमेतको उल्लेख गरिएको हुन्छ । भाषाशिक्षणसँग सम्बन्धित भाषिक सीप सुनाइ,बोलाइ,पढाइ,लेखाइका साथै शब्दभण्डार, व्याकरण ,बोध, अभिव्यक्ति शिक्षणका लागि तयार पारिएको पाठ्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक,व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । भाषा स्वयंमा सीपमूलक विषय भएकोले भाषा पाठ्यक्रम पनि सीपमूलक प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ । भाषाका सुनाइ,बोलाइ, पढाइ र लेखाइजस्ता आधारभूत सीप र कलासँग सम्बन्धित

२. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, नेपाली भाषा र साहित्य शिक्षण (काठमाण्डौंM न्यु हिरा बुक्स इन्टरप्राइजेज,२०६०) पृ.२६६

भाषिक कार्यकलापहरूमा आधारित गराएर तयार गरिएको भाषा शिक्षण प्रशिक्षणको सङ्गठित स्वरूप नै भाषापाठ्यक्रम भएकोले यसको साधन पनि भाषा हुन्छ र साध्य वस्तु पनि भाषा नै रहेको हुन्छ ।

## ३.२ पाठ्यपुस्तकको परिचय र परिभाषा

पाठ्यक्रमका उद्देश्यअनुरूप शिक्षण कार्यका लागि तयार पारिएका पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । भाषापाठ्यपुस्तकमा भाषापाठ्यक्रमका अपेक्षाअनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीहरूको स्तर, अनुभव र सिकाइ आवश्यकताहरू ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषा सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक पाठ्यक्रममा सैद्धान्तिक कुरालाई व्यावहारिक कार्यकलाप तथा प्रक्रिया ढालेर उद्देश्य पूर्ति गर्न महत्वपूर्ण एवम् प्रभावकारी सहयोग गर्ने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तकले विद्यार्थीहरूलाई भाषिक सीप विकाससँग सम्बन्धित गृहकार्य,पुनरावृत्ति र अभ्यास गर्न सहयोग गर्दछ भने विद्यार्थीहरूको मानसिक तथा बौद्धिक शिक्षण क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सहयोग गर्दछ । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक सांवेगिक र बौद्धिक पक्षलाई साथै रुचि,आवश्यकता तथा सिकाइप्रवृतिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधेर तयार गरिएको हुन्छ । पाठ्यपुस्तकका सम्बन्धमा दिइएका केही परिभाषाहरू यस प्रकार छन् ।

गुडका विचारमा पाठ्पुस्तक भनेको कुनै निश्चित तहमा खास विषयमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्यापन स्रोत र सामग्री हो । [३]

बेकन र ह्यारिसले विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार गरिएको कक्षाकोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो भनेर चिनाएका छन् ।[४]

---

३. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, नेपाली भाषा र साहित्य शिक्षण (काठमाण्डौंM न्यु हिरा बुक्स इन्टरप्राइजेज,२०६०) पृ.३४०
४ ऐ.ऐ.पृ.३४०

नेपाली बृहत् शब्दकोशमा (२०४० :८१० ).विद्यालय वा विद्यापिठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तकलाई पाठ्यपुस्तक भनेर अर्थ दिइएको छ। [५]

यसरी माथिका परिभाषाहरू केलाउँदा पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने र विद्यार्थीहरूलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्न पाठ्यक्रमका उद्देश्य अनुरूप तयार गरिएको सामग्री भन्ने बुझिन्छ । भाषापाठ्यपुस्तक भन्नाले भाषापाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थीअनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गको भाषिक सीप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुलाई सङ्गठित गरी अध्ययन अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार पारिएको उपयुक्त पाठ्यसामग्री नै भाषापाठ्यपुस्तक हो। यस्तो भाषापाठ्यपुस्तकमा  विषयवस्तुको ज्ञान, भाषिक सीप र व्याकरणको आधारभूत सामग्री समेत व्यवस्था गरिएको हुन्छ।

## ३.३ विद्यालय तहमा कथा शिक्षणको प्रयोजन

कथा गद्यात्मक र स्थूल विधा हो। कथा प्रायMसबै उमेरका पाठक र स्रोताले मनपराउने गर्दछन् । मानिसका जीवनजगतसँग कथाको सम्बन्ध हुने हुनाले जीवनजगतका विषयबाट कथालाई अलग्याएर राख्न सकिंदैन । कथाले कुनै व्यक्तिको जीवनको कुनै चरित्र वा सानो घटना वा समाजको झलकलाई प्रस्तुत गर्ने काम गरेको हुन्छ। कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पर्दछ। विद्यालय तहमा कथा शिक्षणबाट विद्यार्थीहरूमा पढाइप्रति रुचि जगाउनुका साथै मानसिक सन्तुष्टि प्राप्त हुन्छ। साथै प्रस्तुतीकरणको ढाँचा, कथनशैली  र भाषिक क्षमताको वृद्धि गर्न , शब्दभण्डारको विकास गर्नु , विद्यार्थीहरूमा कल्पनात्मक क्षमताको विकास गर्न सकिन्छ। विद्यार्थीहरूमा अनुशासन कायम गर्न, नैतिक उपदेश दिन,चरित्र निमार्ण गर्न सिर्जनशील क्षमता वृद्धि गर्नसमेत कथा विधाको प्रयोग गर्न सकिन्छ । कथाविधालाई

---

५. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, नेपाली भाषा र साहित्य शिक्षण (काठमाण्डौंM न्यु हिरा बुक्स इन्टरप्राइजेज,२०६०) पृ.३४०

सामान्य बोध क्षमताको विकासका लागि समेत उपयोगी सामग्रीका रूपमा लिइन्छ । सस्वरवाचन अभ्यास गराई बोलाइसम्बन्धी त्रुटी कम गरी वाक्क्षमताको विकास गराउन तथा द्रुतपठनका लागिसमेत पाठ्यपुस्तकमा राखिएका कथाको उपयोग गर्न सकिन्छ । कथालेखन शैलीको विकास गराउन,भाषातत्वसँग परिचित गराइ वाक्पद्धति,उखानटुक्का,निपात आदिको प्रयोगका लागि भाषाशिक्षणका सन्दर्भ उपयोग गर्न सकिन्छ । यसरी विद्यालय तहमा भाषापाठ्यपुस्तकमा समाविष्ट कथा विधा भाषिक सीप र त्यससँग सम्बन्धित विविध पक्षको रोचक र प्रभावकारी शिक्षणका लागि उपयोगी हुने हुँदा कथा शिक्षणको प्रयोजन ज्यादै रहेको देखिन्छ ।

## ३.४ कथा शिक्षणका विधि र क्रम

कथा शिक्षणका लागि विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ । छलफल विधि, प्रश्नोत्तर विधि, समीक्षा विधि, तुलना विधि, प्रतिवेदन प्रस्तुति विधि, विधिपठन बोध विधि व्याख्यान विधि आदि कथा शिक्षणको क्रममा प्रयोग गर्न सकिन्छ । तर विद्यालय तहमा ज्यादा व्याख्यान विधिको प्रयोग गर्नु अपेक्षित मानिदैन । कथा विधा शिक्षणका लागि निम्न क्रम अवलम्बन गर्न सकिन्छ ।

क) परिचय - सर्वप्रथम शिक्षणीय कथाप्रति विद्यार्थीको ध्यानाकर्षण गर्न लेखकको परिचय,प्रवृत्ति,कथाको विषयवस्तुको परिचयात्मक चर्चा गर्ने कार्य गर्न सकिन्छ । तल्ला कक्षाहरूमा भने कथाकारको प्रवृत्तिको चर्चा गर्नु आवश्यक मानिदैन ।

ख)कथाकथन वा वाचन - सम्बन्धित कथाको बारेमा विस्तृत जानकारी दिनका लागि कथाकथन वा वाचन कार्य गर्नुपर्दछ ।

ग) कठिन शब्दको अर्थ र वाक्यमा प्रयोग - विद्यार्थीले अर्थ नजानेका वा शिक्षकले कठिन ठानेका शब्द ,शब्दावली, उखानटुक्काहरूको अर्थका लागि कक्षामा छलफल गराउने र वाक्यमा प्रयोग गर्नसमेत लगाउने गर्नुपर्दछ ।

घ) व्याख्या विश्लेषण - यस चरणमा पाठ्यकथाका विषयवस्तु,पात्र, उद्देश्य,शीर्षक आदिका आधारमा विद्यार्थीहरूको पूर्ण सहभागितामा व्याख्या,विश्लेषण गर्ने कार्य गर्नुपर्दछ ।

ङ) प्रश्नोत्तर - यस चरणमा कथाका कथावस्तु पात्र, घटना,परिवेश,भाषाशैली, आदि विभिन्न पक्षका बारेमा विद्यार्थीहरूका माझ प्रश्नोत्तर गराउनुपर्दछ ।

ङ) विशिष्ट पङ्क्तिको व्याख्या- विद्यार्थीहरूले नबुझेका कथाका विशिष्ट पङ्क्तिका सप्रसङ्ग व्याख्या गरिदिई विद्यार्थीहरूलाई समेत व्याख्याको अभ्यास गराउनुपर्दछ ।

## ३.५ पाठ्यक्रमका उद्देश्य

विद्यालय तहका पाठ्यक्रमलाई जनआकाङ्क्षा एवम् देशको परिवर्तित सन्दर्भ अनुकूल समसामयिक परिवर्तन गर्न राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग को प्रतिवेदन २०५५ले सिफारिस गरेअनुसार २०५५ सालमा कक्षा ९ र १० को संयुक्त पाठ्यक्रम तयार भई लागू भएको थियो । तर एस.एल.सी अध्ययन प्रतिवेदनसमेतका आधारमा शिक्षा प्रणालीमा समसामयिक सुधार गर्ने क्रममा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप मिति २०६३ ।१०।२५ को नेपाल सरकारको निर्णयअनुसार स्वीकृत भई लागू गरिएको हो । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार अनुसार माध्यमिक तहका उद्देश्यहरू निम्न प्रकार रहेका छन् M

१. देशको बहु सांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्ने ।

२ं राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर,सीपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्ने ।

३.इमान्दारी,आत्मनिर्भरता,रचनात्मकता,परिश्रमीपन,सहयोगीपन,समूहमा काम गर्ने बानी,जवाफदेहिता,आत्मविश्वासजस्ता गुणको विकास गर्ने ।

४.दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ,बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपको विकास गर्ने ।

५.दैनिक जीवनमाआइपर्ने समस्यासमाधानका लागि उपयुक्त ज्ञान तथा सीपको विकास गर्ने ,

६.राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता  सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्वबोध गराउन राष्ट्रिय इतिहास ,संस्कृति,भूगोल,अर्थशास्त्र र वातावरणसँग परिचित गराउने ,

७.प्राविधिक र व्यावसायिक सीप विकास गर्न र श्रमप्रति सम्मान गर्न सिकाउने ,

८.आत्मनिर्भर हुन जीवननिर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक सीपको विकास गर्न

९.मानवअधिकार,सामाजिक न्याय,लोकतन्त्रको मर्म  र भावना बुझी सोअनुसार अभ्यास गर्ने,

१०. लिङ्ग,अपाङ्गता,सामाजिक,आर्थिक भौगोलिक,जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक विभिन्नताको सम्मान गर्ने र जातजाति,छुवाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहने ,

११.रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने ।

## ३.६ साधारण उद्देश्य

माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू नेपाली भाषा विषयका निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् M

१.विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउसहितका मौखिक अभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न,

२.सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न,

३. आफूले पढेका र सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न,

४.कुराकानी,संवाद,प्रश्नोत्तर,वादविवाद,छलफलजस्ता गतिविधिमा प्रभावकारी रूपमा मौखिक अभिव्यक्ति दिन,

५.देखेका,सुनेका,र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न

६. लिखित सामग्रीहरूलाई गति,यति,लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ,

७.कथा,कविता,निबन्ध आदि साहित्यिक रचना रुचि लिई पढ्न,

८.लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न र पढाइको गति विकास गर्न,

९.शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिन्हहरू मिलाई लेखन,

१०.व्यवहारमा उपयोगी हने पत्रहरू लेख्न,

११.स्वतन्त्र रूपमा अनुच्छेद,दैनिकी र निबन्धको रचना गर्न,

१२. बोल्दा र लेख्दा सन्दर्भअनुसार शिष्ट र उपयुक्त भाषाको प्रयोग गर्न,

१३.मौखिक तथा लिखित रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा व्यक्त गर्न ,

१४.बोल्दा र लेख्दा उखानटुक्काको समेत प्रयोग गर्न,

१५.नेपाली व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्ति दिन,

१६.नेपाली शब्दकोशको प्रयोग गर्न,

१७ विभिन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन ।

## ३.७ विशिष्ट उद्देश्य (कक्षा १०)

माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम २०६४ले कक्षा १० का लागि तोकेका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

**सुनाइ र बोलाइ**

१. हाउभाउ आघात,लय,चेष्टा अभिनय आदिको ख्याल गरी सन्दर्भअनुसार अभिव्यक्ति सुनेर मौखिक रूपमा व्यक्त गर्न,

२.शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ,

३.आफूले देखेसुनेका र पढेका वस्तु ,वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाएर व्यक्त गर्न ,

४.विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरू सुनेर तार्किक रूपमा आफ्नो विचार व्यक्त गर्न ,

५.कुराकानी प्रश्नोत्तर संवाद,मनोवाद,वादविवाद आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्शाउन,

६.. आफूले भन्न चाहेको कुरालाई शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिन,

७. मौखिकरूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्यमुख्य कुरा भन्न,

८. सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गरी बोल्न ।

**पढाइ**

१.लिखित सामग्रीलाई गति,यति ,लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न,

२.लिखित सामग्रीको मौनवाचन गरी पढाइको गति विकास गर्न,

३. मुख्यमुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुको प्रकृतिअनुसार पढ्ने ,

४. विभिन्न पाठहरूतथा तिनका विशिष्ट अशंहरूको व्याख्या÷सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न,

.५. विभिन्न विषयवस्तुहरू पढी शब्दभण्डार वृद्धि गर्न ,

६.लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढन ।

**लेखाइ**

१. वर्णविन्यास(हिज्जे) र लेख्यचिन्हहरू मिलाई लेख्न ,

२.सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा सच्याउन,

३. विभिन्न विषयहरूमा अनुच्छेद लेख्न,

४.आफूले देखेका सुनेका र पढेका घटन तथा विषयवस्तुका बारेमा लिखित वर्णन गर्न,

५. मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट  गर्न र सारांश लेख्न,

६. विभिन्न पाठ तथा तिनका विशिष्ट अंशको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न

७. व्यवहारमा उपयोगी हुने निवेदन चिठी,निमन्त्रणा,शुभकामनाजस्ता पत्रहरू लेख्न,

८.संवाद मनोवाद,वादविवाद र निबन्ध लेख्न,

९.प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न,

१०.लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियमको पालना गर्न ।

## ३.७ विधाको क्षेत्र र क्रम तालिका

माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) मा कक्षा १० को नेपाली विषयका लागि निर्धारण गरिएको विधाको क्षेत्र र क्रम तालिका यसप्रकार छ M

तालिका नं. १

विधाको क्षेत्र र क्रम

| क.सं. | विधा÷भाषातत्व | कक्षा १० |
|---|---|---|
| १ | कथा | क) पौराणिक कथा - १<br>ख) सामाजिक कथा - १<br>ग) मनोवैज्ञानिक कथा - १ |
| २ | कविता | नीतिप्रधान/ संस्कृतिप्रधान - १<br>प्रकृतिप्रधान/समाजप्रधान - १ |
| ३ | जीवनी | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>क) साहित्यिक ÷कलासम्बन्धी - १<br>ख)राजनीतिक÷प्रेरक व्यक्तित्व - १<br>ग) विचारक - १ |
| ४ | निबन्ध | वस्तुपरक र आत्मपरक<br>क)प्राविधिक ÷व्यावसायिक - १<br>ख) सांस्कृतिक - १<br>ग) सामाजिक - १ |
| ५. | रूपक | क) मनोवाद - १<br>ख)वादविवाद - १<br>ग) एकाङ्की - १ |

| | | |
|---|---|---|
| ६ | चिठी | व्यापारिक - १<br>(निमन्त्रणा पत्र र शुभकामनालाई अभ्यासमा समेट्ने) |
| ७ | भाषातत्व ÷व्याकरण<br>पहिचान र प्रयोग | १. शब्दवर्गको पहिचान र प्रयोग<br>क) नाम ख) सर्वनाम<br>ग) विशेषण घ) क्रियापद<br>ङ) अव्यय<br>क्रियायोगी,नामयोगी, संयोजक, विश्मयादिबोधक र निपात |
| | भाषातत्व÷व्याकरण<br>पहिचान र प्रयोग | २.वाच्य परिर्वतन |
| | | ३. धातु<br>क)सामान्य धातु ख) नाम धातु<br>ग)प्रेरणार्थक धातु घ) धातु रूपावली |
| | | ४.वाक्य परिवर्तन<br>लिङ्ग,वचन,पुरुष,आदर,काल,पक्षका आधारमा वाक्य परिवर्तन |
| | | ५.भाव,प्रेरणार्थक र करण अकरणका आधारमा वाक्य परिवर्तन |
| | | ६. कारक र विभक्तिको पहिचान र प्रयोग |
| | | ७ क)वाक्यका प्रकारको पहिचान र प्रयोग<br>ख) वाक्य संश्लेषण |
| | | ८ शब्दनिमार्ण<br>मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोग |

| क.सं. | विधा÷भाषातत्व | कक्षा १० |
|---|---|---|
| | | ९.वर्णविन्यासको प्रयोग<br>क)लेख्य चिन्ह (कोष्टक,उद्धरण ,निर्देश चिन्ह पूर्णविराम,अल्पविराम,अर्द्धविराम,प्रश्नचिन्ह,उद्गारचिन्ह,योजकचिन्ह, ख)ह्रस्वदीर्घ<br>ग)पदयोग तथा पदवियोग<br><br>घ)ब/व, श/ष/स,ङ/ञ/ण/न/म, शिरबिन्दु÷ चन्द्रबिन्दु आदि |
| ८ | शब्दभण्डार | क) शब्दभण्डार<br>अ)पर्यायवाची शब्द आ) अनेकार्थक शब्द<br>इ)अनुकरणात्मक शब्द ई)विपरितार्थी शब्द<br>उ) श्रुतिसमभिन्नार्थी शब्द ऊ)पारिभाषिक / प्राविधिक शब्द<br>ख) उखानटुक्का |

३.८ मूल्याङ्कन प्रक्रिया (कक्षा १०)

कक्षा १० विद्यालय तहको अन्तिम कक्षा भएकोले यसको अन्तिम मूल्याङ्कन माध्यमिक योग्यता परीक्षा र राष्ट्रिय स्तरको एस.एल.सी. परीक्षाका रूपमा हुने गरेको छ । एस.एल.सी.लाई उच्च शिक्षा अध्ययनको ढोका मानिन्छ । कक्षा १० को नेपाली विषयको मूल्याङ्कन प्रक्रियालाई पाठ्यक्रममा यस प्रकार राखिएको छ M

तालिका नं. २

मूल्याङ्कन प्रक्रिया

| क.सं. | क्षेत्र | विधा | अङ्कभार |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग,कारक/विभक्ति,शब्दनिर्माण,काल,पक्ष,भाव, वाच्य, वाक्यपरिवर्तन,वाक्यसंश्लेषण | १८ |
| ४ | बोध | अदृष्टान्त रचनाबाट | ५ |
| ५ | बुँदाटिपोट/ सारांश | कथा,निबन्ध जीवनी आदिबाट दृष्टान्त | ५ |
| ६ | निर्देशित रचना (अदृष्टान्त) | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क)निबन्ध<br>ख( चिठी,मनोवाद,संवाद,वादविवाद | १०<br>१० |
| ८ | ब्याख्या/सप्रसङग | कथा,कविता, निबन्ध ,जीवनी | ५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा,कविता,निबन्ध,जीवनी,एकाङ्की | १५ |
| १० | विवेचनात्मक | कथा,निबन्ध,जीवनी | १० |
| | | जम्मा | १०० |

## ३.९ निष्कर्ष

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका विधागत पाठहरू सबै पाठ्यक्रममा निर्दिष्ट गरिएअनुसार रहेका देखिन्छन् । कविताका तीनओटा, कथाका तीनओटा , जीवनीका तीनओटा , निबन्धका तीनओटा रूपक विधाका तीनओटा र चिठीको एउटा गरी जम्मा सोह्रओटा पाठ पाठ्यक्रममा निर्दिष्ट गरिएअनुसार नै क्षेत्र र विधालाई समेटने गरी सोह्रओटै पाठ पाठ्यपुस्तकमा राखिएको छ । कथा विधाका लागि पाठ्यक्रममा पौराणिक कथा - १, सामाजिक कथा - १ र मनोवैज्ञानिक कथा - १ गरी तीनओटा निर्धारण गरिएको छ । पाठ्यपुस्तकमा पनि सोहीअनुसार पौराणिक कथा **न्यायको पक्षमा** सामाजिक कथा पाठ्यक्रमअनुरूप **कर्तव्य** र मनोवैज्ञानिक कथा **दोषी चस्मा** समावेश गरिएको छ । यी कथाहरू पाठ्यक्रमअनुरूप रहेका छन् । अभ्यासमा दिइएका व्याकरणहरू पनि पाठ्यक्रमका आधारमै समावेश गरिएका छन् । यसरी पाठ्यक्रमअनुरूपताका दृष्टिले कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथा विधाका पाठहरू उपयुक्त देखिन्छन् ।

अध्याय चार

# कथाको विषयवस्तु ,भाषागत संरचना र शब्दभण्डारको आधारमा विश्लेषण

## ४.१ कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरू

कक्षा १० को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा रहेका १६ओटा पाठमध्ये कथा विधाका लागि तीनओटा पाठ छुट्याइएको छ । कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरू यस प्रकार रहेका छन् M

१. कर्तव्य M सामाजिक कथा , गुरुप्रसाद मैनाली,

२ दोषी चस्मा : मनोवैज्ञानिक कथा , विश्वेश्वरप्रसाद कोइराला ,

३ न्यायको पक्षमा :पौराणिक कथा, बदरीनाथ भट्टराई,

यस परिच्छेदमा उल्लिखित कथाहरूको विषयवस्तु, भाषागत संरचना,र शब्दभण्डारका आधारमा विश्लेषण गरिने छ ।

## ४.२ विषयवस्तुगत संरचना

विषयवस्तुगत संरचना अन्तर्गत कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको विषयवस्तु, कथाको प्रकृति र उद्देश्यगत संरचनालाई विश्लेषण गरिएको छ ।

### ४.२.१ कर्तव्य

आधुनिक नेपाली कथाका श्रीगणेशकर्ता गुरुप्रसाद मैनालीद्वारा लिखित :'कर्तव्य' सामाजिक यथार्थवादी कथा हो । गङ्गाधरको मृत्युप्रसङ्गबाट प्रारम्भ भएको छ । यस कथाको कथावस्तु यस प्रकार रहेको छ । गाउँका मुखिया गङ्गाधरको ज्वरोले मृत्यु भएपछि बाल,बृद्ध,असहाय,गरिब,अपाङ्ग सबैले आफ्नो सहारा, भरोसा गुमाएको महसुस गर्छन् । गङ्गाधर गाउँका सर्वमान्य व्यक्तित्व हुन्छन् । उनको मृत्युपछि जेठा छोरा मुरलीधर र कान्छा छोरा श्रीधरबीच बाबुको जिउनी पिपले खेतका सम्बन्धमा विवाद हुन्छ । समाजले सर्वसम्मत निर्णय गर्न नसकेपछि मुद्दा अदालतमा पुग्छ । अदालतले

लिखतका आधारमा श्रीधरका पक्षमा फैसला सुनाउँछ ।केही समयपछि श्रीधर बिरामी पर्छन् । श्रीधरको छोरो शशीधरको विवाहको कुरा छिनिन्छ । विवाहमा नजिकै घर भएको मुरलीधरलाई बोलाउँदैनन् भने विरामी परेर श्रीधर पनि छोराको विवाहमा जान सक्दैनन् । कुलको मर्यादाका लागि भए पनि  आफ्नो कर्तव्य ठानेर मुरलीधर श्रीमतीले रोक्दारोक्दै पनि जन्ती जान्छन् । विवाह समाप्त भएको महिना दिन पछि शशीधर मुरलीधरकहाँ गएर  जिउनीको पिपले खेत आधा खानका लागि भन्छ तर मुरलीधरले मान्दैनन् । श्रीधरलाई व्यथाले च्यापे पछि खबर पाएर मुरलीधर श्रीधरकहाँ पुग्छन् । आँखाभरि आँसु पारेर श्रीधरले दाजुलाई ढोगिदिन्छ । मुरलीधरका आँखा पनि करुणाले रसाउँछन् ।आफ्नो गल्ती स्वीकार गर्दै श्रीधरले मुरलीधर समक्ष माफी माग्दछ । छसात दिन पछि मुरलीधरले श्रीधरलाई उपचारका लागि विदेशतिर लैजान्छन् । यस कथाको कथावस्तु यहीं समाप्त हुन्छ ।

कथाका  घटनालाई आदि ,मध्य र अन्त्यको तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

तालिका नं. ३

**कर्तव्य** कथाको आदि,मध्य र अन्त्य तालिका

| आदि | मध्य | अन्त्य |
| --- | --- | --- |
| १ गङ्गाधरको मृत्यु हुनु,<br>२. गङ्गाधरको परिचय दिनु,<br>३. जिउनी खेतका विषयमा मुरलीधर र श्रीधरका बीचमा मुद्दा चल्नु र श्रीधरको जित हुनु । | १..श्रीधर विरामी पर्नु,<br>२.श्रीधरको छोरो शशीधरको विवाह छिनिनु ,<br>३.विवाहमा नबोलाए पनि जन्ती गएर मुरलीधरले कर्तव्य पूरा गर्नु । | १. मुरलीधरलाई जिउनी खेत आधा कमाउनु भन्ने श्रीधरको सन्देश शशीधरले सुनाउनु,<br>२.श्रीधरलाई व्यथाले च्यापेको खबर सुनी मुरलीधर हेर्न जाँदा  दाजुभाइको कारुणिक पुनर्मिलन हुनु ,<br>३.श्रीधरको उपचार गराउन मुरलीधरले विदेश लैजानु । |

यो कथाको संरचना प्रबल तथा आदि,मध्य र अन्त्यको प्रभावकारी विभाजन रहेकोले शैक्षणिक दृष्टिले समेत उपयोगी छ ।

## ४.२.२ दोषी चस्मा

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित दोषी चस्मा मनोवैज्ञानिक कथा हो । यसकथाको कथावस्तु यसप्रकार रहेको छ ।

कथाको प्रमुख पात्र केशवराजको चस्मा पुरानो भएर पावर कम भए पनि अनुकूल नपरेर नयाँ चस्मा लिन पाएका हुँदैनन् । राणकालीन जर्साबको चाकरी गरेर जीविकोपार्जन गर्ने केशवराज चाकरीमा जाँदा जर्साबको सवारी हुँदैन । निरास हुँदै घर फर्किंदा बाटामा जर्साबको गाडीसित जम्काभेट हुन्छ । तर चस्माको पावरका कारण समयमै ठम्याउँन नसक्दा जर्साबलाई स्वस्ति गर्न भ्याउँदैनन् । जर्साबलाई स्वस्ति गर्न नभ्याउँदा केशवराजलाई ठूलो गल्ती गरेको महसुस हुन्छ । जर्साब रिसाएर चाकरीको मेलो छुटेमा जीविकाको स्रोत बन्द हुने ठानी उनी डराउँछन् । सरल स्वभाबका केशवराजले आफ्नो रिस घर पुगेर चश्श्मा र श्रीमतीमाथि पोख्छन् । केशवराज चिन्ताले बिरामीजस्ता देखिन्छन् । राति सुत्दा छट्पटाइरहेका केशवराजलाई श्रीमतीले सोध्दा अल्प जवाफ दिन पुग्छन् । तैपनि श्रीमतीले जर्साबका अगाडि गएर माफी माग्ने सल्लाह दिन्छिन् । बिहान छ बजे नै उनी माफी माग्न चाकरीमा जान्छन् । कोही आएका हुँदैनन् । धेरैबेरको बसाइपछि बल्ल अन्य चाकरीबाजहरू आउन थाल्छन् । केशवराज निन्याउरो मुख लगाएर अलग्गै बस्छन् । जर्साब काम बिगार्दा सइससँग रिसाइरहेका हुन्छन् । जर्साबको कुद्ध वाणी सुन्दा केशवराज आफ्नै कारण जर्साब रिसाइरहेको ठान्छन् । त्यसपछि माफी नमागी उनी घरतिर लाग्छन् । पूरै कमजोर जस्ता देखिन्छन् । उनी माफी माग्ने उद्देश्यले पुनM जर्साबकहाँ पुग्छन् । घोडामा सवार जर्साबसँग डराउँदै माफी माग्छन् । केही थाहा नपाएका जर्साबले ‘ केको माफी ?’ भन्दै हप्काउँछन् । त्यसलाई केशवराजले जर्साबले माफी दिन नचाहेको ठान्छन् ।उनी निरास भएर घर पुग्छन् । उनी पीरले ५० वर्षे बूढा जस्तै देखिन्छन् । केशवराजमा एक पटक बाँच्ने इच्छा जागृत हुन्छ । ठूला मानिससित टेक गर्नु राम्रो होइन भन्ने ठान्दै उनी भोलिपल्ट पुन माफी माग्ने उद्देश्यले जर्साबकहाँ पुग्छन् ।जर्साबले घटनालाई महत्व दिदैनन् र राम्ररी बुझेपछि माफी

दिन्छन् केशवराज घर पुग्दा श्रीमती खाना पकाउदै हुन्छिन् । चिसा दाउरा नबलेको देखेर श्रीमतीप्रति सहानुभूति जाग्छ र आफ्नो चाकरी जीवनप्रति ग्लानि हुन्छ ।

कथाका घटनालाई आदि ,मध्य र अन्त्यको तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

तालिका नं. ४

दोषी चस्मा कथाको आदि,मध्य र अन्त्य तालिका

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| १ केशवराजको चस्माको पावर कम हुनु,<br>२. चाकरीमा गएका केशवराजले जर्साबको दर्शन नपाउनु ,<br>३. जर्साबको गाडीसित जम्काभेट हुँदा गाडी ठम्याउँन नसक्दा स्वस्ति गर्न नभ्याउनु । | १. जर्साबलाई स्वस्ति गर्न नभ्याउदा केशवराजलाई डर लाग्नु,<br>२. केशवराज चिन्ताले बिरामीजस्ता देखिनु ।<br>३.श्रीमतीको सल्लाहअनुसार केशवराज जर्साबसँग माफी माग्न जानु । | १., माफी माग्न जाँदा जर्साब सइससँग रिसाउँदा आफूसँगै रिसाएको ठान्नु,<br>२.दोस्रोपटक माफ माग्दा जर्साबले कुरै नबुझी हप्काउनु, ,सबै विवरण खोली बुझाउँदा भने माफी दिनु ,<br>.३.केशवराजलाई आफ्नो चाकरी जीवनदेखि ग्लानि हुनु, |

दोषी चस्मा कथा चरित्रप्रधान भएकाले यसमा कथावस्तु झिनो रहेको छ । कथामा केशवराजको हीनत्तर मनोग्रन्थिको कारण उत्पन्न समस्यालाई देखाइएको छ

### ४.२. ३ न्यायका पक्षमा

बदरीनाथ भट्टराईद्वारा लिखित 'न्यायका पक्षमा' पौराणिक कथा हो । उपजीव्य ग्रन्थ महाभारतको वन पर्वमा आधारित विषयवस्तुलाई लिएर तयार पारिएको यो कथा संवादात्मक शैलीमा रहेको छ।

वनवास हिँडेका पाण्डवलाई खोज्दै आएका विदुरको भेट सरस्वती नदीको किनार मध्यान्ह स्नानका लागि पुगेका पाण्डवका पुरोहित धौम्यसित हुन्छ । विदुर धृतराष्ट्रसित भएको

आफ्नो भनाभन सुनाउँछन् । उनी धृतराष्ट्रलाई भित्र पनि बाहिर पनि अन्धा ठान्छन् । धृतराष्ट्रले आफूलाई ब्वाँसोको बाजे र दूध खाएर विष निकाल्ने सर्प तथा घुसघुसे भनेको कुरा सुनाउँछन् । धृतराष्ट्र र विदुरबीच कुरा भइरहेको बेला दुर्योधन आइपुगेर विदुरलाई पाण्डवका गुप्त दुत भन्दछन् । जवाफमा उसलाई विदुरले कुलङ्गार भनेको कुरा धौम्य ऋषिलाई बताउँछन् । भीमसेनलाई मार्न विष खुवाएर खोलामा बगाइदिएको ,लाहाको घरमा आगो लगाएर पाण्डवलाई स्वाहा पार्न आँटेको जस्ता अपराध गरेको आरोप विदुर दुर्योधनलाई लगाउँछन् । दुर्योधनले आफूलाई धम्की दिए पछि उसको राज्य छोडेर यहाँ आएको भन्ने कुरा विदुर बताउँछन् ।

कथाका घटनालाई आदि ,मध्य र अन्त्यको तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

तालिका नं. ५

न्यायको पक्षमा कथाको आदि,मध्य र अन्त्य तालिका

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| १ सरस्वती नदीमा स्नानका लागि गएका पाण्डवका पुरोहित धौम्यसँग विदुरको भेट हुनु,<br>२. विदुरले धृतराष्ट्रसँग भएको आफ्नो संवाद सुनाउनु र धृतराष्ट्रलाई भित्र पनि बाहिर पनि अन्धा ठान्नु ,<br>३. धृतराष्ट्रले उनलाई ब्वाँसोको बाजे र दूध खाएर विष निकाल्ने सर्प भनेको कुरा धौम्यलाई बताउनु । | १. धृतराष्ट्र र विदुर बीच कुराकानी हुँदै गर्दा दुर्योधन आएर विदुरलाई गाली गरेको सुनाउनु,<br>२. विदुरले पनि जवाफमा कुलङ्गार भन्नु,<br>३ विदुरले दुर्योधनलाई उसकै कारणले प्रलयाग्नि धुवाँइरहेको भनेको कुरा धौम्यलाई बताउनु । | १., धृतराष्ट्रले उनलाई धुर्त भन्दै निस्की जा भनेको कुरा धौम्य ऋषीलाई बताउनु,<br>२. धौम्यले विदुरलाई सहानुभूति दिनु ,<br>.३.धौम्य ऋषिले मध्यान्ह स्नान सिध्याए पछि दुवै जना आश्रमतिर हिँडनु । |

## ४.३ कथामा प्रयुक्त भाषा

### ४.३.१ कर्तव्य

कक्षा १० को नेपाली किताबमा रहेका तीन ओटा कथामध्ये गुरुप्रसाद मैनालीद्वारा लिखित आदर्शोन्मुख यथार्थवादी कथा 'कर्तव्य' पनि एक हो । ग्रामीण समाजका मूल्य र मान्यतालाई लिएर मानवीय संवेदनालाई व्यक्त गर्ने मैनालीको यो सामाजिक कथा हो । यस कथामा सरल भाषा शैली रहेको छ । कथामा प्रयुक्त भाषालाई यस प्रकार देखाइएको छ ।

तत्सम शब्द - विपुल ,दिग्दिगन्त, शव, असीम, ललाट, परिधान,ग्राम, वेदी ,मरण, अनिष्ट, ललाट, स्मृति,

आगन्तुक शब्द - होटल,अदालत,

कानुनी क्षेत्रका शब्द- लिखत, वकपत्र, फिराद, फैसला, डिठ्ठाविचारी

वैवाहिक क्षेत्रका शब्द - वेदी, मण्डप, चौकाचँदुवा, ताम्दान, जन्ती, वरणी, डोली अन्माउनु, बरियात,

आलङ्कारिक भाषा - भोका नाङ्गा, दुखीदरिद्रीका बाबु मर्नु, बूढाबूढी,लुलालङ्गडा, कानाखोरण्डाका टेक्ने लट्ठी भाँचिनु, न्यायको बत्ती निभ्नु, अनाथअशक्तहरूको आशास्तम्भ ढल्नु, गाउँका धन्वन्तरि अस्ताउनु,

अनुकरणात्मक शब्द- सुटुक्क, मुसुमुसु, झमक्क, गदगद, बर्र

उखान- बकितमलाई भन्दा लिखितमलाई मान्यता दिनु ।

यस कथाको भाषा जटिल नभए पनि प्राविधिक शब्द र तत्सम शब्दका कारण धेरै सरल पनि छैन । भन्ने र सुन्ने घटनाप्रधान कथा रोचक शैलीमा रहेको छ ।

## ४.३.२ दोषी चस्मा

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित दोषी चस्मा कथामा हीनत्तर मनोग्रन्थिको विश्लेषण गरिएको छ । यस कथामा प्रयोग गरिएको भाषालाई यसप्रकार देखाउन सकिन्छ ।

तत्सम शब्द - रश्मि, वायु, क्रुद्ध वाणी, क्रोध, स्पर्श, विलम्ब, रिक्त,

आगन्तुक शब्द- क्यारेज बक्स, टायम, मोटर, बुँइगल, नम्बरप्लेट, खर्पन, निमकहरामी,

कुलीन भाषा- स्वस्ति, सवारी ,मर्जी होस, रिसानी, नजर हुनु, राज हुनु ।

सूक्तिमय भाषा- एउटा भुलले अर्को भुल सच्याउन सक्दैन । ठूला मानिस इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म पनि सम्भिmरहन्छन् ।

यस कथामा तृतीय पुरुष दृष्टिविन्दु र रैखिक शैलीको प्रयोग गरिएको छ । कथा घटनाप्रधान नभएर चरित्र प्रधान हुनाले त्यति धेरै रोचक छैन । तर पनि विद्यालय तहको माथिल्लो कक्षाका लागि अनुपयुक्त पनि छैन ।

## ४.३.३ न्यायको पक्षमा

पौराणिक कथाकार बदरीनाथ भट्टराईद्वारा लिखित महाभारतको वन पर्वमा आधारित कथा 'न्यायको पक्षमा ' संवादात्मक शैलीमा रहेको छ । यस कथाको भाषालाई निम्नानुसार देखाइएको छ ।

तत्सम शब्द-मध्यान्ह स्नान, आश्रम, पिशाचनीति, तान, गम्भीर, धीर, प्रलयाग्नि, वृत्तान्त

उखान - आफ्नो आङको भैंसी नदेख्ने ,अर्काको आङको जुम्रो पनि देख्ने,

के खोज्छस् काना आँखो

टुक्का- आगो हुनु, मिति पुऱ्याउनु, मनपेट दिनु, रातो मुख लगाउनु, स्वाहा पार्नु, भाउ लाउनु,ओड ढाक्नु

आलङ्कारिक भाषा-स्वर्गलाई समेत गिज्याउनु, ब्वाँसोको बाजे, दूध खाएर विष निकाल्ने सर्प, हिउँले पोल्ला कि भनेर सङ्का गर्नु,

उपसर्ग लागेर बनेका शब्द- अपूर्व, प्रचण्ड, अन्याय

प्रत्यय लागेर बनेका शब्द -ज्ञानी, मुर्खता ,न्यायी

समास भएर बनेका शब्द- मध्यान्हस्नान, राजनीति, देशनिकाला , धर्मनीति

द्वित्व भएर बनेका शब्द- हस्याङ्फस्याङ, कस्तोकस्तो, पुलुपुलु, साफसाफ, राताराता, सँगसँगै, अलिअलि,

अनुकरणात्मक शब्द- खिसिक्क

रैखिक शैली र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग रहेको यो कथामा झिनो कथावस्तुले कथावस्तु रोचक हुन सकेको छैन ।

## ४.४ पाठको लम्बाइ

कर्तव्य कथामा १८४ हरफहरू र ४८ अनुच्छेद रहेका छन् । तीमध्ये कुनै ज्यादै छोटा र कुनै लामा छन् । लामा हरफमा १४ शब्दसम्म (४६ अनुच्छेद ) र छोटा हरफमा १ शब्द सम्म (४५ अनुच्छेद ) रहेका छन् । कुनै अनुच्छेद १ वाक्य र एक हरफका र कुनै अनुच्छेद १३ हरफसम्मका रहेका छन् । ८ पृष्ठमा रहेको यो कथा तुलनात्मक रूपमा लामो रहेको छ । दोषी चस्मा कथामा १५३ हरफहरू र २४ अनुच्छेद रहेका छन् । छोटा हरफमा १ शब्ददेखि लामा हरफमा १६ शब्दसम्म रहेका छन् । एउटा अनुच्छेदमा बढीमा २९ हरफसम्म र कम्तीमा १ हरफसम्म रहेका छन् ।

‘ न्यायको पक्षमा कथामा ३१ अनुच्छेद र ८४ हरफ रहेका छन् । लामा हरफमा १४ शब्दसम्म र छोटा हरफमा ३ शब्दसम्म रहेका छन् । छोटा अनुच्छेदमा १ शब्दसम्म र लामो अनुच्छदमा ८ हरफसम्मका रहेका छन् । कक्षा १० का कथाका तीन पाठहरूमध्ये यो सबैभन्दा छोटो कथा हो ।

पाठको लम्बाइलाई निम्नानुसार हेर्न सकिन्छ

तालिका नं. ६

पाठको लम्बाइ तालिका

| क.सं. | शीर्षक | हरफ | अनुच्छेद | वाक्य | शब्दसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कर्तव्य | १८४ | ४८ | २१४ | २३०९ |
| २ | दोषी चस्मा | १५३ | २४ | १६८ | १५९५ |
| ३ | न्यायको पक्षमा | ८४ | ३१ | ७५ | ८५२ |
| | जम्मा | ४२१ | १०३ | ४५७ | ४७ ५६ |

माथिको तालिका हेर्दा सबैभन्दा छोटो पाठ न्यायको पक्षमा हो भने सबैभन्दा लामो कथा ‘ कर्तव्य ’ हो । तीनओटा कथामा हरफ र अनुच्छेद सामान्यतया मिलेकै देखिन्छ । कथा अत्यधिक लामा वा अत्यधिक छोटा नभएर मझौला किसिमकै देखिन्छन् ।

## ४.५ वाक्य संरचना

कक्षा १०को नेपाली किताबका कथा विधाका पाठहरूको वाक्य संरचना यसप्रकार रहेको छ

तालिका नं.७

वाक्य संरचना तालिका

| क.सं | शीर्षक | सरल वाक्य | संयुक्त वाक्य | मिश्र वाक्य | जम्मा वाक्य |
|---|---|---|---|---|---|
| १ | कर्तव्य | १५४ | ३४ | २६ | २१४ |
| २ | दोषी चस्मा | ९६ | ५० | २२ | १६८ |
| ३ | न्यायको पक्षमा | ३८ | १४ | २३ | ७५ |
| | जम्मा | २८८ | ९८ | ७१ | ४५७ |

माथिको तालिका हेर्दा जम्मा सरल वाक्य २८८ ,संयुक्त वाक्य ९८ र मिश्र वाक्य ७१ ओटा रहेको पाइन्छन् । सामान्यतया सरल वाक्य बढी , त्यसपछि संयुक्त वाक्य र सबैभन्दा कम मिश्र वाक्य हुनु पर्ने आधारलाई यी कथाले अनुसरण गरेकै देखिन्छ । यसर्थ वाक्य गठनका दृष्टिले कक्षा १० का कथा विधाका पाठहरू उपयुक्त रहेका छन् ।

‘ कर्तव्य ’ कथामा ‘ न्यायको बत्ती निभ्यो ’ जस्ता छोटा सरल वाक्यदेखि ‘ सम्पत्तिका धनी बाबुले  नै “दुबै छोराले आधाआधा खानू ” भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने लिखत पण्डित बाजेले देखाउन नसके पछि बाबु जुन छोरासँग बसेका हुन्, ऐन कानुनले जिउनी उसै छोराको हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । ’ जस्ता लामा र जटिल वाक्य पनि रहेका छन् ।

‘दोषी चस्मा’ कथामा “केशवराज निर्धक्क भए । ” जस्ता सरल वाक्यदेखि लिएर “अब त उनलाई चाहिएन तर कहिले बिहान होला भन्ने ध्याउन्नले उनले बाँकी रहेको रात उपयोगमा ल्याउन सकेनन र झिसमिसेमै उठेर लुगा लगाएर जान तयार परे । ” जस्ता लामा वाक्य पनि छन् ।

‘न्यायको पक्षमा ’ कथामा ‘किन के भो र ? ’ जस्ता छोटा संवादात्मक वाक्यदेखि ‘ यदि नीति छाडनु हुन्न भने युधिष्ठिरलाई ल्याएर राजगद्धीमा राख्नोस् , अनि अरु सारा भाइहरूलाई उनका अनुयायी बनाउनुहोस् भनेर मैले भनेपछि उनले भने, “तिमीले त धर्मनीतिको पो कुरा गर्‍यौ । ”  जस्ता लामा मिश्रित वाक्यहरू पनि रहेका छन् ।

## ४.६ शब्दभण्डार

शब्दभण्डार भन्नाले शब्दको ढुकुटी भन्ने बुझिन्छ । नेपाली शब्द भण्डारमा  रहेका शब्दलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । ती मध्ये कथामा प्रयुक्त शब्दहरूलाई कार्यका आधारमा ,वर्गका आधारमा ( विकारी र अविकारी), कार्यका आधारमा, विश्लेषण गरिएको छ ।

### ४.६.१ कार्यका आधारमा

तीन ओटा कथामा रहेका शब्दलाई कार्यका आधारमा पदवर्ग छुट्याउँदा निम्नानुसार रहेको पाइन्छ ।

तालिका नं. ८

कार्यका आधारमा पदवर्ग तालिका

| क.सं | पदवर्ग | कर्तव्य | दोषी चस्मा | न्यायको पक्षमा |
|---|---|---|---|---|
| १ | नाम | ८७४ | ४४९ | २०७ |
| २ | सर्वनाम | ९५ | १३३ | ८४ |
| ३ | विशेषण | ४०१ | २४० | ८६ |
| ४ | क्रियापद | ३२९ | २७५ | १४५ |
| ५ | क्रियायोगी | ४३३ | ३४९ | २१० |
| ६ | नामयोगी | ९५ | २६ | १६ |
| ७ | संयोजक | ६६ | ५५ | ४४ |
| ८ | विश्मयादिबोधक | - | ४ | ७ |
| ९ | निपात | १६ | ६४ | ५३ |
| | जम्मा | २३०९ | १५९५ | ८५२ |

## ४.६.२ वर्गका आधारमा

तालिका नं. ९

वर्गका आधारमा पदवर्ग तालिका

| क.सं | पदवर्ग | कर्तव्य | दोषी चस्मा | न्यायको पक्षमा |
|---|---|---|---|---|
| १ | विकारी | १६९९ | १०९७ | ५२२ |
| २ | अविकारी | ६१० | ४९८ | ३३० |
| ३ | जम्मा | २,३०९ | १५९५ | ८५२ |

कर्तव्य कथा  मैनालीको धाराप्रवाह शैली ,बोलचालको साधारण भाषा, घटनाप्रधानताले गर्दा रोचक बन्न पुगेको छ । यस कथामा ४८ अनुच्छेद, २१४ वाक्य र २,३०९ शब्द रहेका छन् । कक्षा १० को नेपाली किताबमा रहेका तीनओटा कथामध्ये सबैभन्दा लामो कथा भए पनि माध्यमिक तहका विद्यार्थीका लागि  उमेर र स्तर अनुकूल नै छ । यस

कथाका  शब्द हेर्दा विकारी १६९९ ओटा र अविकारी ६१० ओटा रहेका छन् । विकारी अन्तर्गत  सबैभन्दा धेरै नाम ८७४ ओटा र सबैभन्दा थोरै सर्वनाम ९५ ओटा रहेका छन् । अविकारी अन्तर्गत कियायोगी ४३३ ओटा  र विस्मयादिबोधक एउटा पनि छैन । मृत्यु घटना वर्णन भएको कथामा समेत  विस्मयादिबोधक शब्द नपाइनु कथाको कमजोरी पक्ष हो । 'दोषी चस्मा' कथामा भिनो कथावस्तु रहेकाले कथामा रोचकता आउन सकेको छैन । २४ अनुच्छेद १५३ हरफ र १६८ वाक्य रहेको यस कथामा १५९५ शब्द रहेका छन् । तीमध्ये विकारी शब्द १०९७ र अविकारी  शब्द ४९८ ओटा रहेका छन् । विकारी अन्तर्गत  सबैभन्दा धेरै नाम ४४९ओटा र सबैभन्दा कम सर्वनाम १३३ रहेका छन् । अविकारी अन्तर्गत सबैभन्दा धेरै  कियायोगी ३४९ र सबैभन्दा  कम विस्मयादिबोधक ४ ओटा रहेका छन् । सबै पदवर्गको प्रयोग पाइनु  यस कथाको सबल पक्ष हो ।

'न्यायको पक्षमा ' संवादको प्रधानताले कथालाई धाराप्रवाहमय बनाउन सकेको छैन । ३१ अनुच्छेद ८४ हरफ र ७५ वाक्य रहेको यस कथामा ८५२ शब्द रहेका छन् । तीमध्ये विकारी शब्द ५२२ र अविकारी  शब्द ३३० ओटा रहेका छन् । विकारी अन्तर्गत सबैभन्दा धेरै नाम २०७ ओटा र सबैभन्दा कम सर्वनाम ८४ रहेका छन् । अविकारी अन्तर्गत सबैभन्दा धेरै  कियायोगी २१० र सबैभन्दा  कम विस्मयादिबोधक ७ ओटा रहेका छन् । सबै पदवर्गको प्रयोग पाइनु  यस कथाको सबल पक्ष हो ।

अध्याय पाँच

# छनोट र स्तरणका आधारमा कक्षा १० को नेपाली किताबमा रहेका कथाहरूको विश्लेषण

## ५.१ पाठ्यवस्तुको छनोटको अर्थ

‘ छनोट’ को शाब्दिक अर्थ छान्नु चयन गर्नु वा रोज्नु हो । भाषापाठ्यक्रमको सन्दर्भमा उद्देश्यमूलक र उपयोगी पाठ्यवस्तु चयन गरी पाठ्यक्रममा समावेश गर्ने काम छनोट हो । पाठ्यक्रमको उद्देश्य,देशको आवश्यकता ,शिक्षणका लागि प्राप्त समय,विद्यार्थीको उमेर र रूचिलाई दृष्टिगत गरी पाठ्यवस्तु छनोट गर्नुपर्दछ । सिकाउनका लागि ज्ञानमूलक , सीपमूलक  प्रभावकारी र स्तरीय सामग्री छानेर समावेश गर्ने कार्य छनोट हो । त्यसैले भाषापाठ्यवस्तु छनोटको अर्थ उद्देश्यअनुसार शिक्षण सिकाइ प्रभावकारी हुने गरी विभिन्न शिक्षणविधिमा ढालेर सम्बन्धित भाषाका आधारभूत पक्षको अभ्यास गर्न ,गराउन उपयोगी हुने र विविध मूल्याङ्कन प्रक्रियाका माध्यमले शिक्षण सिकाइ प्रकिया र समग्र पाठ्यक्रमकै पृष्ठपोषण गर्न मिल्ने किसिमका शिक्षणीय विषयवस्तु छानेर निर्धारण गर्ने कामलाई छनोट भनिन्छ ।

## ५.२ भाषापाठ्यवस्तु छनोटको प्रयोजन

भाषा शिक्षणका सन्दर्भमा भाषापाठ्यवस्तुको छनोट महत्वपूर्ण देखापर्दछ । भाषापाठ्यवस्तु छनोटको प्रयोजन निम्नानुसार रहेका छन् M

१. भाषाशिक्षणका आवश्यकता र उद्देश्यअनुरूप सुसङ्गठित भाषिक पाठ्यवस्तुको निर्धारण गर्न,

२ .दोस्रो भाषा शिक्षणलाई उपयोगी बनाउन र प्रथम भाषा सिकाइलाई पनि उपयुक्त वातावरण प्रदान गरी उपयोगी बनाउन मद्दत पुऱ्याउन,

३ द्विभाषिक तथा बहुभाषिक परिवेशमा भाषा सिक्नेहरूका लागि विद्यालय जानुभन्दा अगाडि सम्बन्धित भाषाको वातावरण पाउन नसकेका विद्यार्थीका लागि व्यवहारिक पाठ्यसामग्री जुटाउन,

४.सीमित समय,श्रम र स्रोतबाट अधिकतम फाइदा प्राप्त गर्न ,गराउन भाषा शिक्षणलाई उपयोगी बनाउने आधार तयार गर्न,

५. व्यवहारमा उपयोगी हुने खालका र विद्यार्थीका सिकाइ प्रवृत्तिअनुसार अभिरूचि बढाउने खालका व्यवहारिक पाठ्यवस्तु निर्धारण गर्न,

६. तत्काल उपयोगमा आउन सक्ने आवश्यकता बढी भएका र जीवनमा काम लागिरहने खालका भाषिक पाठ्यवस्तुलाई बढी प्रथमिकता दिएर पाठ्यवस्तु निर्धारण गर्न,

७. विद्यार्थीका स्तर र तहगत भाषिक आवश्यकता र समयगत सीमितताअनुरूप उपयुक्त र प्रभावकारी पाठ्यवस्तु निर्धारण गर्न,

## ५.३ छनोटमा प्रभाव पार्ने तत्वहरू

भाषिक पाठ्यवस्तुको छनोटमा प्रभाव पार्ने दुई प्रकारका प्रभावकहरू रहेका छन् ।

क) बाह्य प्रभावक

ख) आन्तरिक प्रभावक

### ५.३.१ भाषिक पाठ्यवस्तु छनोटका बाह्य प्रभावकहरू

भाषिक पाठ्यवस्तुको छनोटमा प्रभाव पार्ने भाषाभन्दा  बाहिरका तत्वहरूलाई बाह्य प्रभावक भनिन्छ । बाह्य प्रभावक तत्वहरू यस प्रकार छन् ।

#### ५.३.१.१ प्रयोजन वा उद्देश्य

केकस्ता उद्देश्य पूरा गर्ने लक्ष्य पाठ्यक्रमले राखेको छ ,सोहीअनुरूप पाठ्यसामग्री चयन गरिनुपर्दछ । अन्यथा पाठ्यक्रम र पाठ्यसामग्रीबीच तालमेल नभई भाषिक सीप विकासको उद्देश्य पूरा हुँदैन । त्यसैले प्रयोजन वा उद्देश्यले नै छनोटलाई नियन्त्रित गर्दछ

#### ५.३.१.२ तह

पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको तह वा  स्तरको ख्याल गरिन्छ । प्राथमिक तह र माध्यमिक तहका विद्यार्थीहरूका लागि भाषिक क्षमता र अनुभव एकै किसिमको हुँदैन । त्यसैले विद्यार्थीको तहअनुसार  पाठ्यवस्तु  छनोट गर्नुपर्दछ । प्रारम्भिक तहमा

आधारभूत र सरल विषयवस्तु राखिएको हुन्छ भने क्रमशM कक्षा र तह वृद्धि हुँदै जाँदा जटिल र गहन खालका पाठ्यवस्तु छनोट गरिएको हुन्छ ।

### ५.३.१.३ समयावधि

पाठ्यवस्तुको शिक्षणका लागि निर्धारण गरिएको समयावधि,पाठघण्टा,पाठ्यभारको आधारमा पाठ्यवस्तु छनोट गरिनुपर्दछ । थोरै समयावधि भए सङ्क्षिप्त र थोरै पाठ्यवस्तु र धेरै समयावधि भए विस्तृत  र धेरै पाठ्यवस्तु छनोट गर्नु पर्ने हुन्छ ।

### ५.३.१.४ अन्य

पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति, सिकारुको पूर्वक्षमता जस्ता कुरा का आधारमा पनि पाठ्यवस्तुको छनोट गरिन्छ । सरसर्ती  पठन र गहन पठन गराउने सामग्री छनोटमा पनि अन्तर रहन्छ । विद्यार्थीको पूर्व क्षमता कमजोर छ भने सरल पाठ्यवस्तु र पूर्वक्षमता सबल छ भने स्तरीय पाठ्यवस्तु छनोट गरिएको हुन्छ ।

## ५.३.२ भाषिक पाठ्यवस्तु छनोटका आन्तरिक प्रभावकहरू

भाषाभित्रकै विभिन्न पक्ष जसले भाषिक पाठ्यवस्तु छनोटमा महत्वपूर्ण भूमिका खेल्दछ,त्यसलाई आन्तरिक प्रभावक भनिन्छ । ती निम्न छन् M

### ५.३.२.१ भाषिका

भाषाका भौगोलिक,सामाजिक, सांस्कृतिक, तथा वातावरणीय आदि कारणले उत्पन्न विभिन्न भेदहरू भाषिका हुन् । एउटा भाषा पाठ्यक्रममा सबै भाषिकाहरूको शिक्षण सम्भव हुँदैन । त्यसैले मानक भाषिकालाई आधार बनाइएको हुन्छ । जुन भाषिका शिक्षण गर्नुपर्ने हो ,त्यहीँ भेदसँग सम्बद्ध पाठ्यवस्तु छनोट गर्नुपर्ने हुन्छ । त्यसैले भाषिकालाई प्रमुख आन्तरिक प्रभावकका रूपमा मान्न सकिन्छ ।

### ५.३.२ प्रयोजनपरक भेद

विभिन्न विषय क्षेत्रसँग सम्बन्धित भाषिक प्रयोगलाई प्रयोजनपरक भेद भनिन्छ । कानुन ,कृषि, विज्ञान,प्रविधि,चिकित्सा,सूचना आदि यस्ता भेदहरू हुन् । जुन प्रयोजनपरक

भेदसँग सम्बन्धित दक्षता हासिल गराउँनु छ ,त्यही क्षेत्रसँग पाठ्यवस्तु छनोट गरिनु पर्ने हुन्छ ।

### ५.३.३ शैली

भाषिक अभिव्यक्तिको तरिका नै शैली हो । शैली औपचारिक-अनौपचारिक, सरल -जटिल,कथ्य-लेख्य, अभिधा, लक्षणा, व्यञ्जना, समास-व्यास, वर्णनात्मक -विवरणात्मक,वस्तुपरक-भावपरक ,कारुणिक-हास्यात्मक,बौद्धिक-विचारात्मक हुन्छन् । जुन किसिमको शैली विकास गर्ने पाठ्यक्रमको अपेक्षा हुन्छ , त्यसैअनुरूप शैली भएका पाठ्यवस्तु छनोट गरिनुपर्दछ ।

### ५.३.४ माध्यम

भाषाको अभिव्यक्ति लिखित र मौखिक गरी दुई माध्यमबाट हुन्छ । भाषाशिक्षणमा लेख्य माध्यमको जति उपयोगिता र महत्त्व हुन्छ । त्यो भन्दा बढता उपयोगिता र महत्व कथ्य माध्यमको रहेको हुन्छ । उच्चारण हाउभाउ , संवेगात्मक अभिनय तथा समग्र कथ्य अभिव्यक्ति सीप लेख्य माध्यमबाट प्राप्त गर्न नसकिने भएकाले कथ्य माध्यमलाई पनि जोड दिएर पाठ्यवस्तु छनोट गरिएको पाइन्छ ।

## ५.४ छनोटका दृष्टिले कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाहरू

कक्षा १० को नेपाली किताबमा  जम्मा ३ ओटा कथा समावेश गरिएका छन् । छनोटका आधारमा तिनको विश्लेषण गरिएको छ ।

### ५.४.१ कर्तव्य

मानिसले कहिल्यै आफ्नो  कर्तव्यलाई भुल्नु हुन्न भन्ने सन्देश दिने यस कथाले भ्रातृप्रेमको महत्व समेत प्रस्तुत गरेको छ । धनसम्पत्तिका लागि अंशबण्डाका निहुमा दाजुभाइबीच कहिल्यै मनमुटाव गर्नुहुदैन, साथै जीवनमा राम्रो काम र परोपकार ,सेवा

सहयोग गरेमा मरणोपरान्त मानिसले गुन सम्झिरहन्छन्  भन्ने कुरा देखाउनु कथाको उद्देश्य रहेको पाइन्छ । आधुनिक कथाको सामाजिक यथार्थवादी धाराको प्रतिनिधित्व गर्ने प्रस्तुत कथाले विद्यार्थीमा सच्चरित्रताको विकासमा समेत जोड दिएको छ । कर्तव्य कथा संरचनाका दृष्टिले २३०९ शब्द, २१४ वाक्य र ४८ अनुच्छेदको अपेक्षाकृत लामो भए पनि विद्यालय तहको अन्तिम कक्षा ( कक्षा १० ) का लागि अनुपयुक्त देखिदैन । विषयवस्तु विद्यार्थीका लागि  स्तरअनुकूल र रुचिपूर्ण रहेको छ । कतिपय अवस्थामा अनौपचारिक कथ्य भाषा प्रयोग भएको पाइए पनि औपचारिक भाषा पूर्वेली भाषिकाको प्रयोग कथामा पाइन्छ । उखान टुक्काका प्रयोगका दृष्टिले कथा दुर्बल रहेको छ  । तथापि समग्रमा छनोटका दृष्टिले कथा उपयुक्त रहेको छ ।

### ५.४.२ दोषी चस्मा

मानिसमा पाइने कमजोर मनोवृत्तिको चिरफार गर्ने ' दोषी चस्मा ' विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक कथा हो । यस कथाले हीनत्तर ग्रन्थिबाट पीडित मानिसको सङ्कालु प्रवृत्ति र अनावश्यकमा आफूलाई सताउने प्रवृत्तिलाई छर्लङ्ग्याएको छ । मनोवैज्ञानिक धाराको प्रतिनिधित्व गर्ने यो कथा रसिलो नभए पनि विद्यार्थीको स्तर र क्षमता अनुकूल नै देखिन्छ । यस कथामा  केही तत्सम शब्दहरू स्वामी,क्रुद्ध,रिक्त आदिका साथै टुक्काहरू बाटो लाग्नु,गाँस टिप्नु,गौर गर्नु,आदि रहेका छन् । सम्भ्रान्त परिवारमा प्रयोग गरिने शब्दहरू सवारी हुनु,स्वस्ति, राज हुनु, नजर हुनु, रिसानी हुनु मर्जी हुनु आदिको प्रयोग समेत यस कथामा रहेको छ । विद्यार्थीको स्तर उमेर ,प्रयोजन आदि छनोटका दृष्टिले दोषी चस्मा कथालाई कक्षा १० मा राखिनु उपयुक्त मान्न सकिए पनि यो  कक्षा ११ को ऐच्छिक नेपालीमा  समेत राखिएकोले भने छनोट उपयुक्त मान्न सकिन्न । यस कथाको साटो अर्कै मनोवैज्ञानिक कथा राखिनु उपयुक्त देखिन्छ ।

### ५.४.३ न्यायको पक्षमा

बदरीनाथ भट्टराईद्वारा लिखित  पौराणिक कथा ' न्यायको पक्षमा' उपजीव्य ग्रन्थ महाभारतमा आधारित छ । सत्य र न्यायको पक्षमा सदैव लाग्नु पर्ने, पद प्रतिष्ठा र प्रलोभनमा परेर सत्यलाई छोडनु हुन्न भन्ने  सन्देश विदुरको चरित्रका माध्यमबाट

दिइएको छ । आदर्श चरित्रको स्थापनामा जोड दिदै पूर्वीय दर्शनको एउटा महत्त्वपूर्ण प्रसङ्गसँग  विद्यार्थीलाई परिचित गराइएको छ । संवादप्रधान यो कथामा पूर्वसन्दर्भ र प्रसङ्ग बिना कथाको उठान भएकोले  र निरस संवाद रहेकाले विद्यार्थीहरूका लागि रुचिपूर्ण हुन नसकेको देखिन्छ । रोचक कथावस्तुमा आधारित कथा भए पनि रोचक बन्न सकेको देखिदैन । रातो मुख लगाउनु , मनपेट दिनु आगो हुनु ,स्वाहा पार्नु , मिति पुऱ्याउनु आदि टुक्काको प्रयोग यस कथामा गरिएको छ ।

कक्षा १० मा राखिएका कथाहरूमध्ये सामाजिक कथा ' कर्तव्य ' सबैभन्दा उचित देखिन्छ । मनोवैज्ञानिक कथा दोषी चस्मा विषयवस्तु र प्रस्तुतिका हिसावले ठीकै जस्तो भए पनि कक्षा  ११ मा पनि रहनु भने स्वभाविक मान्न सकिन्न । पौराणिक कथा 'न्यायका पक्षमा' को छनोट उपयुक्त नरहेको देखिन्छ ।

## ५.४ पाठ्यवस्तु स्तरण

### ५.४.१ पाठ्यवस्तु स्तरणको अर्थ

'स्तर' शब्दमा   'अन्/अण् ' प्रत्यय लागेर ' स्तरण' शब्द बनेको हो । यसको शाब्दिक अर्थ कुनै पनि कुरालाई स्तरयुक्त बनाउने कार्य भन्ने बुझिन्छ । शिक्षणका लागि छनोट गरिएका पाठ्यवस्तु सुनिश्चत ,व्यवस्थित र क्रमिकरूपले राख्ने कामलाई स्तरण भनिन्छ । भाषा भनेको भाषिक नियम र कार्यहरूको सामूहिक रूप हो । भाषा सिकाइको पनि आफ्नै पद्धति हुन्छ । कुन भाषिक कुराले कुन भाषिक कुराको सिकाइमा पृष्ठभूमिको काम  गरेको हुन्छ । के कस्तो  भाषिक संरचनाले आधारभूत संरचनाको काम गरेको हुन्छ भन्ने पहिचान गरी सोही अनुरूप पाठ्यसामग्री स्तरण गरेमा भाषा सिकाइले जीवन्तता प्राप्त गर्दछ ।

### ५.४.२ पाठ्यवस्तु स्तरणको प्रयोजन

पाठ्यवस्तु स्तरणको प्रयोजन देहायबमोजिम रहेका छन् M

१. छनोट गरिएका पाठ्यवस्तुलाई व्यवस्थित अनुक्रममा ढालेर सङ्गठित गरी शैक्षणिक दृष्टिले उपयोगी बनाउनु,

२. एकै प्रकारको  र उद्देश्य सम्बद्ध पाठ्यवस्तु उस्तै रूपमा अनावश्यक ढङ्गले दोहोरिएर शिक्षण सिकाइको  गति अवरुद्ध हुनबाट जोगाउनु,

३. भाषिक एकाइको पूर्वापर सम्बन्धलाई जोडेर सम्बद्ध पाठ्यवस्तु शिक्षणमा गतिशीलता प्रदान गर्नु,

४.आवश्यक कुरालाई ज्यादा जोड दिई  अनावश्यक कुरालाई कम जोड दिएर विद्यार्थीको सिकाइ अनुभवलाई स्थानान्तरित एवम् अर्न्तसम्बन्धित गर्ने कार्यमा सहजता ल्याउनु,

५. भाषा सिकाइलाई कमबद्धरूपमा स्तरीकृत गर्दै लैजान पहिले सिकाएकोले दोस्रोलाई र दोस्रोले तेस्रो कुरालाई आधारभूत र महत्त्वपूर्ण सहयोग पुऱ्याउने गरी पाठ्यवस्तुलाई व्यवस्थित शृङ्खलामा उन्नु ,

६. स्तरणीकृत  पाठ्यवस्तु र पाठ्यसामग्रीका सहयोगले थोरै कुराबाट अत्याधिक भाषिक क्षमताको विकास गर्न पहल गर्नु ।

## ५.४.३. स्तरणका तह र प्रक्रिया

स्तरण भाषाका विभिन्न तहमा गर्नुपर्ने हुन्छ । ती तहहरू यसप्रकार छन् M

क) वर्णनात्मक  ख) रूपात्मक

घ) शब्दभण्डारगत  ग) वाक्यात्मक  ङ) सङ्कथनगत

भाषाका उक्त ५ तहलाई पृथकीकृत र एकीकृत दुई प्रक्रिया आधारमा आधारमा स्तरण गर्न सकिन्छ । भाषाका एकाइहरूलाई अलगअलग ढङ्गले एक तहपछि अर्को तहको क्रमिक रूपमा शिक्षण गर्ने गरी गरिएको स्तरणलाई पृथकीकृत प्रक्रिया भनिन्छ । भाषिक सीपहरू अन्तसम्बन्धित हुने हुँदा एकबाट अर्कोलाई अलग गरी समन्वय ढङ्गबाट शिक्षण गर्ने गरी गरिएको स्तरणलाई एकीकृत प्रक्रिया भनिन्छ । स्तरणका केही प्रकृतिगत प्रमुख प्रक्रियाहरूसमेत रहेका छन् । ती  रेखीय स्तरण,  चक्रीय स्तरण ,परम्परागत स्तरण , व्याकरणात्मक स्तरण , सम्प्रेषणात्मक स्तरण र प्रकार्यात्मक स्तरण गरी ६ प्रकारका छन् ।

## ५.४.४ स्तरणका दृष्टिले कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाहरू

कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाहरूलाई पाठ र विषयवस्तु, शब्दभण्डार, र वाक्यगठन आदिका आधारमा स्तरणको उपयुक्तताको मूल्याङ्कन गरिएको छ ।

### ५.४.४.१ कथाका पाठहरू र विषयवस्तु

कक्षा १० को नेपाली किताबमा रहेका १६ पाठहरूमध्ये ३ ओटा कथा रहेका छन् । तीमध्ये ' कर्तव्य ' कथा पाठ दुईमा ' दोषी चस्मा ' पाठ सातमा र ' न्यायको पक्षमा ' पाठ तेह्रमा रहेका छन् । अन्य पाठसँगको पाठको कथाको क्रम मिलेकै देखिन्छ । तीनओटा कथामध्ये सरल सुबोध र रोचक सामाजिक कथा ' कर्तव्य ' लाई पहिलो कथाको रूपमा केही जटिल मनोवैज्ञानिक कथा 'दोषी चस्मा'लाई दोस्रो कथाको रूपमा र कम रोचक पौराणिक कथा ' न्यायको पक्षमा' लाई अन्तिम कथाको रूपमा राखिनु स्तरण उपयुक्त भएको मान्न सकिन्छ ।

कक्षा १० मा विद्यार्थीको रूचि ,क्षमता, र स्तर अनुरूप नै कथाको विषयवस्तु रहेका छन् । 'कर्तव्य ' कथाले अशंबण्डाका नाममा दाजुभाइबीच हुने मनमुटाव र कलहलाई देखाएको छ । ' दोषी चस्मा ' कथामा मान्छेमा हुने सङ्कालु प्रवृत्ति र हीनत्तर ग्रन्थिबाट पीडित मानिसको मनोवृत्ति झल्काएको छ । पौराणिक कथा 'न्यायको पक्षमा' मा कौरव र पाण्डवबीचको द्वन्द्वमा विदुरको भूमिकालाई देखाइएको छ । विषयवस्तुको हिसावले तीनओटै कथाको स्तरण ठीकै देखिन्छ ।

### ५.४.४.२ शब्दभण्डार

शब्दभण्डारका दृष्टिले कक्षा १० को नेपालीमा समावेश गरिएका कथाहरूको स्तरण हेर्दा पहिलो कथाको तुलनामा दोस्रो, तेस्रो कथामा र एउटै कथामा पनि पूर्वार्द्ध भागमा सरल शब्द र उत्तरार्द्ध भागमा जटिल शब्दहरू रहनु अपेक्षित मानिन्छ ।

' कर्तव्य ' कथाको शब्दार्थमा जम्मा ४९ ओटा शब्दहरू दिइएका छन् । कथा लामो भएका कारणले पनि जटिल शब्दहरू ज्यादा रहेको देखिन्छ । यस कथाको पूर्व भागमा तालुकदार, विपुल, दिग्दिगन्त, बालवनिता, धन्वन्तरि आदि शब्द रहेका छन् । उत्तर भागमा अनिष्ट, बिसेक, डोली, तामदान आदि शब्दहरू रहेका छन् । वैवाहिक प्रसङगसँग सम्बन्धित तामदान,वेदी वरणी शब्दहरू,कानुनसँग सम्बन्धित वकपत्र, फिराद, अदालत, नालिस, लिखत, आदि शब्दहरू समेत यस कथामा रहेका छन् ।

' दोषी चस्मा' कथामा ५५ओटा कठिन शब्दको अर्थ दिइएको छ । यस कथाको शब्दार्थको पूर्व भागमा रश्मि, गौर गर्नु,चाकरी, डेग आदि शब्द दिइएको छ। उत्तरार्द्धभागमा निमकहरामी,गोलबोली ,कहतरा नाताकत, कुद्ध वाणी,अहङ्कार मनसुबा आदि शब्दहरू रहेका छन् । यस कथामा सम्भ्रान्त परिवारमा प्रयोग गरिने शब्दहरू सवारी हुनु,स्वस्ति, राज हुनु, नजर हुनु, रिसानी हुनु मर्जी हुनु आदि रहेका छन् ।

' न्यायको पक्षमा' कथामा ३३ ओटा कठिन शब्दको अर्थ दिइएको छ। कथाको पूर्वार्द्धमा काम्यक, धीर ,पिशाचनीति ,वेली,आदि रहेका छन् भने उत्तरार्द्ध भागमा भाउ लाउनु, ओड ढाक्नु, कुलङ्गार, प्रायश्चित,वृत्तान्त, मिति पुऱ्याउनु आदि रहेका छन् ।

तुलनात्मकरूपमा पछिल्लो कथामा कठिन शब्द कम हुनु, कर्तव्य कथाको पूर्वार्द्धमा भन्दा उत्तरार्द्धमा सरल शब्द रहनु स्तरणका दृष्टिले कमजोर मान्न सकिन्छ ।

### ५.४.४.३ वाक्यगठन

वाक्य गठनका दृष्टिले स्तरण गर्दा पहिले छोटा र सरल वाक्यहरूतथा कमिकरूपमा लामा र जटिल वाक्यहरू मिलाउनु पर्ने हुन्छ । कक्षा १० का ३ आटै कथामा प्रायM यसप्रकारको कमबद्धता पाइन्छ ।

कर्तव्य कथामा २१४ ओटा वाक्य रहेकोमा १५४ओटा सरल वाक्य , ३४ ओटा संयुक्त वाक्य र २६ ओटा मिश्र वाक्य रहेका छन् । कथाको पहिलो र दोस्रो वाक्य सरल रहेका

छन् भने तेस्रो र चौथो वाक्य संयुक्त वाक्य रहेको छ । पहिलो वाक्यमा ९ शब्द रहेका छन् । आठौं अनुच्छेदमा रहेको वाक्य यसप्रकार छ । “बाबुसँग बसेकाले ऐन सवालले एकलौटी हुने भन्ने श्रीधरको र मर्ने बेलामा मेरा दुबै छोरा बराबर हुन् “आधाआधा बाँढेर खानू” भनी बाले भनेर जानुभएकोले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो । कक्षा १० का विद्यार्थीको क्षमता र स्तर विचार गर्दा यस कथाको वाक्य गठनका दृष्टिले स्तरण मिलेको देखिन्छ ।

दोषी चस्मा कथामा १६८ओटा वाक्य रहेकोमा ९६ओटा सरल वाक्य, ५०ओटा संयुक्त वाक्य र २२ ओटा मिश्र वाक्य रहेका छन् । ४ शब्दको सरल वाक्यबाट थालनी भएको कथाको पाँचौं वाक्य संयुक्त र दशौं वाक्य मिश्र वाक्य रहेको छ । “ टिमिक्क परेको सुरुवाल उनको गोडाबाट हत्तपत्त निस्कन खोजेन, त्यसमा उनको कोधको मात्रा झन बढ्यो र जब सुने भातमा केही बिलम्ब छ , उनको कोधको सीमा रहेन । ” यस्ता जटिल वाक्य समेत रहेको दोषी चस्मा कथाको स्तरण वाक्यगठनका दृष्टिले सामान्य देखिन्छ ।

न्यायको पक्षमा’ कथामा ७५ओटा वाक्य रहेकोमा ३८ ओटा सरल वाक्य, १४ ओटा संयुक्त वाक्य र २३ ओटा मिश्र वाक्य रहेका छन् । ७ शब्दको मिश्र वाक्यबाट थालनी भएको यस कथाको दोस्रो वाक्य यस प्रकार छ । “ एक त लहलहाउँदो काम्यक वनको अपूर्व शोभा, उसमाथि चराचुरङगीको मीठो तान , झन त्यसमाथि बगिरहेको स्वच्छ पानीको कलकलले स्वर्गलाई समेत गिज्याइरहेको थियो । ” कथाको थालनी मिश्र वाक्यबाट हुनु अगाडि जटिल वाक्य र पछाडि सरल प्रकारका वाक्य हुनुले यस कथाको स्तरण नमिलेको देखाउँछ ।

अध्याय छ

# कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण

मूल पाठका अतिरिक्त अभ्यासमा रहेका सामग्रीले समेत भाषिक सीपविकासमा सहयोग पुऱ्याइरहेका हुन्छन् । अभ्यासमा  समावेस गरिएका सामग्रीको सहायताले पाठ्यक्रमका उद्देश्य हासिल भयो वा भएन जाँच्ने काम गर्न सकिन्छ । अन्य विषयका अभ्यासभन्दा भाषा पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरू धेरै उपयोगी र महत्त्वपूर्ण हुन्छन् । मूल पाठका पछिल्तिर राखिएका अभ्यासहरू विद्यार्थीहरूमा अभिरूचि वृद्धि गर्न सक्ने खालको हुनुपर्दछ । माध्यमिक शिक्षा पाठ्यक्रम ,२०६४ अनुरूप परिमार्जन गरी तयार गरिएको कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाका पाठहरूको पछिल्तिर दिइएका अभ्यासहरू के कस्ता छन् ,तिनीहरूको चर्चा यस परिच्छेदमा गरिएको छ ।  कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण  शब्दार्थ ,प्रश्नको प्रकृति, विविधता र व्याकरणसम्बन्धी अभ्यास  उपशीर्षक अन्तर्गत गरिन्छ ।

## ६.१ शब्दार्थ तथा शब्दभण्डार

### ६.१.१ कर्तव्य

कक्षा १० को नेपाली किताबका ३ ओटा कथाहरू मध्ये ‘कर्तव्य’ कथामा पाठको मुन्तिर ५० ओटा कठिन शब्दका अर्थ दिइएको छ । तल्ला कक्षामा पढिसकेका शब्द शव , अतीत, आहारविहार , सम्धी, जस्ता सरल शब्दका साथै बिपुल , धन्वन्तरि, दिग्‌दिगन्त , आर्तनाद मेधावीजस्ता  कठिन तत्सम शब्द राखिएका छन् । अभ्यास ३

मा राखिएको अर्थ लेख्नुहोस् भन्ने अभ्यासमा १८ ओटा शब्द राखिएका छन् । यस कथामा रहेका कठिन शब्दलाई शब्दार्थमा प्रायM समेटिएको भए पनि विभक्त,दासत्व, होचीअर्घेली,डम्माडम्मी,रघुवंश, जस्ता शब्दलाई समेट्न सके अफ्त राम्रो हुन्थ्यो ।

तत्सम शब्द - विपुल ,दिग्दिगन्त, शव, असीम,ललाट,परिधान,ग्राम,वेदी ,मरण,अनिष्ट,ललाट,स्मृति,

आगन्तुक शब्द - होटल,अदालत,

कानुनी क्षेत्रका शब्द- लिखत,वकपत्र,फिराद,फैसला,डिठ्ठाविचारी

वैवाहिक क्षेत्रका शब्द - वेदी, मण्डप,चौकाचँदुवा, ताम्दान,जन्ती,वरणी,डोली अन्माउनु,बरियात,

आलङ्कारिक भाषा - भोका नाङ्गा, दुखीदरिद्रीका बाबु मर्नु, बूढाबूढी,लुलालङ्गडा, कानाखोरण्डाका टेक्ने लट्ठी भाँचिनु, न्यायको बत्ती निभ्नु,अनाथअशक्तहरूको आशास्तम्भ ढल्नु, गाउँका धन्वन्तरि अस्ताउनु,

उपसर्ग लागेर बनेका शब्द- अन्याय,विवाद,बेफ्वाँक, विख्यात, अज्ञानी,

प्रत्यय लागेर बनेका शब्द-स्वर्गीय,राजनीतिक,

समस्त शब्द-आशास्तम्भ ,विवाहविधि,पूजापाठ,

द्वित्व शब्द- विस्तारविस्तार,मुसुमुसु,टाढाटाढा

अनुकरणात्मक शब्द- सुटुक्क,मुसुमुसु,भ्रुमक्क,गदगद,बर्र

बोलचालका शब्द (अनौपचारिक नेपालीका शब्द)- बिहा,अर्थोक,भो (भयो),बेथा,बिसेक

उखान- बकितमलाई भन्दा लिखितमलाई मान्यता दिनु ।

### ६.१.२ दोषी चस्मा

कूल १५९५ शब्द सङ्ख्या रहेको 'दोषी चस्मा' कथामा पाठका मुन्तिर ५६ ओटा कठिन शब्दका अर्थ दिइएको छ । यस पाठमा तल्ला कक्षामा पढिसकेका टाप,कोध,अभिवादन,उत्सुक आदि सजिला शब्दसमेत शब्दार्थमा राखिएका छन् ।

अभ्यास ४ को शब्दको अर्थ भन्नुहोस भन्ने अभ्यासमा उत्साह, क्षमायाचना, कोध, घुँइचो बन्दोबस्त,बेकामको,युक्ति,रश्मि, सारा जस्ता ९ ओटा शब्द दिइएको छ । यसपाठमा भएका शब्दलाई यसप्रकार देखाउन सकिन्छ ।

तत्सम शब्द - रश्मि, वायु, कुद्ध वाणी,कोध,स्पर्श,विलम्ब, रिक्त,

आगन्तुक शब्द- क्यारेज बक्स,  टायम, मोटर, बुँइगल, नम्बरप्लेट, खर्पन,निमकहरामी,

कुलीन भाषा- स्वस्ति, सवारी ,मर्जी होस, रिसानी, नजर हुनु,राज हुनु  ।

सूक्तिमय भाषा- एउटा भुलले अर्को भुल सच्याउन सक्दैन । ठूला मानिस इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म पनि सम्झिरहन्छन् ।

टुक्का- गौर गर्नु, राज हुनु, चुलो फुक्नु, लखतरान हुनु, गाँस टिप्नु, निवारण गर्नु, ढोका कुर्नु, नजर हुनु, रिसानी हुनु, दौडाहा हुनु, टेक राख्नु, दम फुल्नु, बिन्ति गर्नु , खुट्टा छोडनु, सातो जानु,

शब्दार्थमा राख्न सकिने अन्य शब्दहरू - कुर्नु,अघोरै,टिमिक्क,जाबो ,ग्लानी

प्राय सबै कठिन शब्दलाई शब्दार्थमा समेटिएकोले खासै समस्या देखिन्न  । जम्मा शब्दार्थको (५६) २६प्रतिशत (१६) टुक्का राखिएको यस कथालाई टुक्का शिक्षणका लागि उपयोग गर्न सकिन्छ । तर 'अर्थ भन्नुहोस् 'भन्ने अभ्यासमा( अभ्यास ४) एउटा पनि टुक्का नसमेटनु कमजोरी हो ।

६.१.३ न्यायको पक्षमा

'न्यायको पक्षमा ' कथाको पाठ मुन्तिर जम्मा ३३ ओटा शब्दको अर्थ दिइएको छ । अभ्यास ३ को शब्दको 'अर्थ भन्नुहोस् ' भन्ने अभ्यासमा गम्भीर, धीर, पिशाचनीति,सत्यानास, प्रचण्ड,निश्चय, शङ्का, निर्दोष, वृत्तान्त,प्रायश्चित गरी जम्मा १० ओटा शब्द दिइएको छ । यस कथामा पनि प्राय कठिन शब्द छुटेका छैनन् । कथामा रहेका शब्दलाई प्रतिनिधिमूलक रूपमा यसरी देखाउन सकिन्छ ।

तत्सम शब्द-मध्यान्ह स्नान, आश्रम, पिशाचनीति,तान, गम्भीर,धीर, प्रलयाग्नि,वृत्तान्त

उखान - आफ्नो आङको भैंसी नदेख्ने ,अर्काको आङको जुम्रो पनि देख्ने,

के खोज्छस् काना आँखो

टुक्का- आगो हुनु, मिति पुऱ्याउनु, मनपेट दिनु, रातो मुख लगाउनु,स्वाहा पार्नु, भाउ लाउनु,ओड ढाक्नु लम्कीझम्की गर्नु,दाह्रा किट्नु

आलङ्कारिक भाषा-स्वर्गलाई समेत गिज्याउनु, ब्वाँसोको बाजे, दूध खाएर विष निकाल्ने सर्प, हिउँले पोल्ला कि भनेर सङ्का गर्नु,

उपसर्ग लागेर बनेका शब्द- अपूर्व, प्रचण्ड,अन्याय

प्रत्यय लागेर बनेका शब्द-ज्ञानी, मुर्खता ,न्यायी

समास भएर बनेका शब्द- मध्यान्हस्नान, राजनीति, देशनिकाला, ,धर्मनीति

द्वित्व भएर बनेका शब्द- हस्याङ्फस्याङ, कस्तोकस्तो, पुलुपुलु,साफसाफ, राताराता, सँगसँगै,अलिअलि,

अनुकरणात्मक शब्द-खिसिक्क

कक्षा १० को नेपाली किताबमा रहेका शब्दार्थ र शब्दभण्डारलाई यस प्रकार तालिकामा देखाइएको छ ।

तालिका नं. ९

शब्दार्थ र शब्दभण्डार तालिका

| अभ्यासहरू | कथा | | |
|---|---|---|---|
| | कर्तव्य | दोषी चस्मा | न्यायको पक्षमा |
| जम्मा शब्द सङ्ख्या | २३०९ | १५९५ | ८५२ |
| शब्दार्थ | ५० | ५६ | ३३ |
| शब्दार्थ प्रतिशत | २.१६ | ३.५ | ३.८७ |
| अर्थ भन्नुहोस् | १८ | ९ | १० |

विद्यालय तहको मा.वि तहको अन्तिम कक्षा (१०) मा पढने विद्यार्थीहरूको शब्दार्थ क्षमता र शब्दभण्डारलाई विचार गर्दा कक्षा १० का कथाका पाठमा दिइएका

शब्दार्थ उपयुक्त देखिन्छ । कठिन शब्दहरू प्रायM समेटिएको छ , त्यसैले विद्यार्थीहरूलाई समस्या पर्ने देखिन्न । कठिन शब्दको अर्थ पाठको अन्त्यमा दिनुभन्दा सुरुमा दिनु राम्रो हुने निष्कर्ष यो शोधकर्ताको रहेको छ ।

## ६.२ प्रश्नको प्रकृति

मूल पाठ जस्तै नमुना अभ्यासको उद्देश्य पनि भाषिक सीप विकास गर्ने नै हुन्छ । त्यसैले कथा विधाका पछिल्तिर दिइएका नमुना अभ्यासमा विविधता र विभिन्न सीप समेट्ने गुण हुनु आवश्यक छ । कक्षा १० को नेपाली किताबमा समावेश गरिएका कथाका पाठहरूका अभ्यासलाई निम्नानुसार तालिकीकरण गर्न सकिन्छ ।

तालिका नं. १० ( प्रश्नका प्रकार तालिका )

| प्रश्नका किसिम | कथा | | |
|---|---|---|---|
| | कर्तव्य | दोषी चस्मा | न्यायको पक्षमा |
| प्रश्नोत्तर (विवेचनात्मकसमेत) | ४ | ३ | ३ |
| शुद्ध उच्चारण | १ | १ | १ |
| शब्दको अर्थ | १ | १ | १ |
| वाक्यमा प्रयोग | १ | १ | २ |
| शब्दभण्डार | ३ | ३ | - |
| सप्रसङ्ग व्याख्या र व्याख्या | १ | १ | २ |
| सस्वरवाचन | - | १ | - |
| सच्याएर लेख्ने | - | - | १ |
| समस्यामूलक | - | १ | - |
| कथा सार वा सारांश लेखन | - | १ | १ |
| व्याकरण | ७ | ६ | ६ |
| सिर्जनात्मक अभ्यास | - | १ | १ |

| | | | |
|---|---|---|---|
| **विशेष ज्ञानका लागि सामग्री** | **१** | **१** | **२** |
| जम्मा | १८ | २० | १९ |

(स्पष्टीकरण-विशेष ज्ञानका लागि थप सामग्रीलाई अभ्यासमा जोडिएको छैन ।)

सबै कथाको पहिलो अभ्यास 'सङ्क्षिप्त उत्तर दिने ' प्रश्न राखिएको छ । यसअन्तर्गत 'कर्तव्य ' र ' 'दोषी चस्मा ' कथामा एक एक वाक्यमा उत्तर दिने प्रश्नहरू छन् भने 'न्यायको पक्षमा ' मा मौखिक उत्तर दिने प्रश्नहरू राखिएका छन् । शुद्ध उच्चारण गर्ने,शब्दको अर्थ बताउने, वाक्यमा प्रयोग गर्ने , सप्रसङ्ग व्याख्या गर्ने र विवेचनात्मक उत्तर दिने प्रश्न सबै कथाका नमुना अभ्यासमा समेटिएका छन् । सच्याएर लेख्ने , सस्वर वाचन गर्ने,र समस्यामूलक प्रश्न एउटा एउटा कथामा मात्र राखिएको छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथाका पछिल्तिर दिइएका नमुना अभ्यासमा पर्याप्त विविधता पाइन्छ । त्यसैले प्रश्नको प्रकृति उपयुक्त देखिन्छ ।

## ६.३ भाषिक सीपका आधारमा

सुनाइ,बोलाइ,पढाइ र लेखाइ जस्ता भाषिक सीपको सन्तुलित विकास गर्नु नै भाषा शिक्षणको मुख्य प्रयोजन हो । तल्ला कक्षामा मौखिक सीपमा आधारित सुनाइ र बोलाइमा आधारित अभ्यासमा ज्यादा जोड दिनुपर्दछ भने माथिल्ला कक्षामा लिखित सीपमा आधारित पढाइ र लेखाइमा आधारित सीपमा आधारित अभ्यासमा जोड दिनुपर्दछ । कक्षा १० विद्यालय तहको अन्तिम कक्षा भएकोले सुनाइ रबोलाइको तुलनामा पढाइ र लेखाइ सीपलाई जोड दिनुपर्दछ । कक्षा १० को नेपाली किताबमा रहेका कथाका पाठमा रहेका नमुना अभ्यासहरूलाई भाषिक सीपका आधारमा विश्लेषण गरिएको छ ।

### ६.३.१.सुनाइ सीप

भषिक सीपहरूमध्ये सुनाइ सीप पहिलो भाषिक सीप हो । सुनाइ सीपको विकास बिना बोलाइ र लेखाइ सीपको विकासमा पनि बाधा पुग्छ । त्यसैले कक्षा अनुसार

सबै कक्षामा सुनाइ सीपमा जोड दिनुपर्दछ । सुनाइ सीपका कार्यकलापहरू वाक्य विभदीकरण ,वर्ण विभेदीकरण ,श्रुतिबोधात्मक प्रश्नोत्तर, श्रुतिलेखन आदि गराउन सकिन्छ । भाषिक सीपहरू एकआपसमा जोडिएका हुन्छन् । एउटा कार्यकलापले एक भन्दा बढी भाषिक सीपलाई समेट्न सक्दछ । कक्षा १० को कथाका पाठका नमुना अभ्यासमा सुनाइ सीपलाई समेटिएको पाइदैन ।

६.३.२ बोलाइ सीप

बोलाइ सीपका लागि छलफल गर्ने , मौखिक उत्तर दिने , शुद्ध उच्चारण गर्ने, शब्दको अर्थ भन्ने , आदि कार्यकलाप गर्न सकिन्छ । कक्षा १० को नेपाली किताबको कथाका पाठमा बोलाइ  सीपलाई प्रशस्त समेटिएको छ । जस्तैM

उच्चारण गर्नुहोस् M

हस्याङफस्याङ, निन्याउरो, राजगद्दी,धौम्य,कन्सिरी, कुलाङ्गार, आश्रय, लम्कीझम्की (न्यायको पक्षमा , अभ्यास नं. २, पाना नं. १०६)

६.३.३ पढाइ सीप

पढाइ सीपका लागि विभिन्न कार्यकलाप गराउन सकिन्छ । सस्वर पढाइले बोलाइ सीपलाई समेत सहयोग गर्छ । नधकाइकन ,नहिच्चिचाइकन  धाराप्रवाह पठनका लागि सस्वर पठनको आवश्यकता पर्दछ । द्रुतपठनका लागि मौन पठन महत्वपूर्ण मानिन्छ । कक्षा १० का लागि सस्वर पठनका साथै मौन पठनमा समेत जोड दिन आवश्यक छ । कक्षा १० को नेपाली किताबको कथाका पाठमा पढाइ  सीपलाई समेटिएको छ ।  उत्तर दिनुहोस ,सस्वर वाचन गर्नुहोस् , अनुच्छेद पढी ओटो उत्तर दिनुहोस्  जस्ता अभ्यास पढाइ सीप अन्तर्गत समेटिएका छन् । जस्तैM

कथाको दोस्रो र तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् । ( दोषी चस्मा ,अभ्यास नं. २ पाना नं.५९ )

६.३.४.लेखाइ सीप

लेखाइ सीपका लागि प्रश्नोत्तर,भाव विस्तार गर्ने,सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर दिने ,सारांश लेख्ने, कथालेखन, वाक्यमा प्रयोग गर्ने, आदि कार्यकलाप गराउन सकिन्छ । कक्षा १० को नेपाली किताबको कथाका पाठमा लेखाइ सीपलाई ज्यादा जोड दिएको पाइन्छ । कक्षा १० को नेपाली किताबको

कथाका पाठमा पढाइ सीपलाई समेटिएको छ । यसअन्तर्गत कथा सार लेख्ने, विवेचनात्मक उत्तर लेख्ने, सप्रसङ्ग व्याख्या गर्ने,वाक्यमा प्रयोग गर्ने, आदि अभ्यासहरू रहेका छन् ।

जस्तैM न्यायको पक्षमा कथाको सार लेख्नुहोस् । (न्यायको पक्षमा , अभ्यास नं. ११, पाना नं. १०७)

सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ । (कर्तव्य,अभ्यास नं.१०, पाना नं. १६)

भाषिक सीपमा आधारित प्रश्न हेर्दा कक्षा १०मा राखिएका प्रश्नमा सुनाइ सीपलाई समेटिएको पाइदैन भने बोलाइ सीपसँग सम्बन्धित अभ्यास पनि अत्यन्त न्यून रहेका छन् । पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास धेरै रहेका छन् । कक्षाको स्तर अनुसार पढाइ र लेखाइलाई जोड दिनु ठिकै मान्न सकिने भए पनि सुनाइ सीपसँग सम्बन्धित अभ्यास एउटै नहुनु भने कमजोरी रहेको मान्न सकिन्छ । माध्यमिक तहमा बोलाइ सीपलाई पनि त्यति जोड दिएको पाइन्न । शिक्षणका क्रममा सोसँग सम्बन्धित कार्यकलाप कम नै गर्ने गरिन्छ । शोधार्थी माध्यमिक तहको नेपाली शिक्षक भएको र अनुभव गरेको आधारमा पहिलो भाषी नेपाली विद्यार्थीका लागि पनि बोलाइ सीपको प्रसस्त अभ्यास गराउन आवश्यक छ भने दोस्रो भाषाका रूपमा नेपाली अध्ययन गर्ने विद्यार्थीहरूका लागि त झनै ज्यादा अभ्यासको आवश्यकता छ । सोअनुरूप सुनाइ,बोलाइ र पढाइसँग सम्बन्धित अभ्यास नमुना

अभ्यासमा समेटिएको देखिन्न । व्याकरण अभ्यासबाहेक अन्य अभ्यासलाई भाषिक सीपका आधारमा तालिकामा देखाइएको छ ।

तालिका नं. ११

भाषिक सीपका आधारमा अभ्यास तालिका

| अभ्यासहरू | कथा | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | कर्तव्य | दोषी चस्मा | न्यायको पक्षमा | | |
| सुनाइ | - | - | - | - | - |
| बोलाइ | २ | ५ | ३ | १० | २५.६ |
| पढाइ | १ | १ | - | २ | ५.२ |
| लेखाइ | ९ | ८ | १० | २७ | ६९.२ |
| जम्मा | १२ | १४ | १३ | ३९ | १०० |

## ६.४ व्याकरण

नेपाली भाषाको पाठ्यपुस्तकमा रहेका कथाका पाठसँगै भाषिक शुद्धताका लागि व्याकरण शिक्षण गर्नु आवश्यक छ । कक्षा १० को नेपाली किताबको कथाको पाठको पछिल्तिर राखिएका व्याकरणको अभ्यासको चर्चा निम्नानुसार गरिएको छ ।

### ६.४.१ पदसङ्गति

व्याकरणअन्तर्गत कर्तव्य कथाको अभ्यासमा पदसङ्गतिलाई राखिएको छ । पहिले सङ्गति नमिलेका र मिलेका वाक्यको उदाहण दिएर सङ्गतिको आधार देखाउँदै पदसङ्गतिको परिभाषा दिइएको छ । व्याकरण शिक्षणका विधिहरूमध्ये आगमन विधि अपनाएको देखिन्छ । जम्मा ७ ओटा अभ्यास यस पाठमा व्याकरणअन्तर्गत

राखिएको छ । लिङग , वचन पुरुष र आदरका आधारमा सङ्गतिको अभ्यास गराइएको छ । जस्तै M

ऊ अकबरे खुर्सानी बेच्न फिक्कल जान्छ । (पुरुष परिवर्तन)

तिमी देवकोटाका कविता पढ्छौ । (प्रथम पुरुष)

मेरो मामाको छोरो आयो ( बहुवचन)

उनी भात खान्छन् । (स्त्रीलिङ्ग)

तिमी राम्रा कविता लेख्छौ । (उच्च आदर)

( छिमेकी ,व्याकरण अभ्यास नं. घ, पाना नं.१८)

पदसङ्गतिलाई स्वतन्त्र लेखन अभ्यासमा प्रयोग गर्न खोजेर विद्यार्थीको सिर्जनात्मक क्षमताका साथै पदसङ्गतिको थप अभ्यास गराउन खोजिएको छ ।

पाठबाट बहुवचन प्रयोग भएका वाक्य टिपेर एकवचन बनाउने अभ्यासद्वारा मूल पाठसँग व्याकरणलाई जोडिएको छ । पदसङ्गतिलाई विविध पक्षबाट अभ्यास गराएर पूर्णता र परिपक्कता हासिल गर्न खोजिएको छ ।

### ६.४.२ करण र अकरण

दोषी चस्मा कथामा व्याकरणअन्तर्गत करण अकरण र निपातलाई राखिएको छ । जम्मा ६ ओटा अभ्यासमध्ये ४ ओटा करण अकरणसँग सम्बन्धित र २ ओटा निपातसँग सम्बन्धित छन् । पहिलो करण र अकरण वाक्यका उदाहरणहरू देखाएर त्यसपछि मात्र परिभाषा दिएर आगमन विधिलाई अपनाइएको छ । अभ्यास क,ख,ग र च करण अकरणसँग सम्बन्धित छन् । अभ्यास क मा दोषी चस्मा कथाको अनुच्छेद ८ का वाक्यहरू करण भए अकरण र अकरण भए करणमा बदल्ने अभ्यास राखिएको छ । अभ्यास २ मा वाक्य परिवर्तनलाई राखिएको छ । जस्तै

हरिशकी बहिनी पोखराबाट आउलिन् । (अकरण)

पानी नपरे मकै फल्दैन । ( करण)

लोग्नेले स्वास्नीलाई कति पनि माया गर्दैनथ्यो । (करण)

(दोषी चस्मा ,व्याकरण अभ्यास नं. ख, पाना नं.६२ )

## ६.४.३ निपात

निपातको उदाहरण र परिभाषा दिइएको छैन । केवल ‘अभ्यास घ ’ मा पाठको अनुच्छेद ६,१२ ,१४ र १९ मा प्रयुक्त निपातहरू टिपी वर्णानुक्रमअनुसार मिलाउने र ‘अभ्यास ङ ’ मा दिइएको निपातलाई वाक्यमा प्रयोग गर्ने अभ्यास राखिएको छ । निपात तल्ला कक्षामा पनि प्रशस्त अभ्यास गरिएको पद भएकोले यतिमात्र अभ्यास गराउनु उपयुक्त नै ठहर्छ ।

## ६.४.४ वाक्यका प्रकार

‘न्यायको पक्षमा ’ कथामा व्याकरणअन्तर्गत वाक्यका प्रकार र वाक्य परिर्वतन राखिएको छ । पहिले सरल संयुक्त र मिश्र वाक्यका उदाहरणहरू दिएर त्यस पछि मात्र सरल,संयुक्त र मिश्र वाक्यका परिभाषा राखिएको छ । व्याकरण शिक्षणमा अभ्यास र उदाहरणमा जोड दिएर शिक्षण गरिने आगमन विधिको प्रयोग गरिएको छ । व्याकरण अभ्यासअन्तर्गत जम्मा ६ ओटा अभ्यासहरू रहेका छन् । ‘अभ्यास क ’मा पाठमा भएका वाक्य सरल ,संयुक्त र मिश्र को सूची बनाउने, ‘अभ्यास ख ’ सरल वाक्यमा परिवर्तन गर्ने, ‘अभ्यास ग ’ मा संयुक्त वाक्यमा परिर्वतन गर्ने, ‘अभ्यास घ ’ मा मिश्र वाक्यमा परिवर्तन गर्ने अभ्यास रहेका छन् । त्यस्तै ‘अभ्यास ङ ’ मा पाठमा प्रयोग भएका पाँच ओटा सरल वाक्य टिपेर तिनलाई संयुक्त र मिश्र वाक्यमा बदलने तथा ‘अभ्यास च ’ मा मिश्र वाक्यको प्रयोग गरी पढने कोठाको वर्णन गर्ने अभ्यास रहेका छन् । ती अभ्यासलाई हेर्दा व्याकरण अभ्यासलाई पाठसँग सम्बद्ध गराउन खोजेको र सिर्जनात्मक रचनामा निर्धारित व्याकरण धाराको

प्रयोग गर्न खोज्नु धेरै उपयोगी छ । यसरी व्याकरणको अभ्यासलाई सन्तुलित र सान्दर्भिक बनाउन खोजेको सकारात्मक देखिन्छ ।

## ६.५ निष्कर्ष

भाषिक सीपको परिपक्कताका लागि निरन्तर अभ्यासको आवश्यकता पर्दछ । कोरा सैद्धान्तिक ज्ञानले मात्र यो पूर्ण हुँदैन । यसै तथ्यलाई मध्यनजर राखी कक्षा १० को नेपाली किताबको विधागत पाठका पछिल्तिर प्रशस्त अभ्यासलाई समेटिएको छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथाका पाठको पछिल्तिर दिइएका अभ्यासहरू हेर्दा सामान्य कमजोरी पाइए पनि  अधिक मात्रामा सबल पक्ष नै पाइन्छ । सुनाइ सीपलाई नसमेट्नु, वस्तुगत प्रश्न नराख्नु  यसका सुधार गर्नुपर्ने पक्ष देखिन्छन् भने अभ्यासमा पर्याप्त विविधता पाइनु,कक्षाअनुरूप लेखाइ सीपमा ज्यादा जोड दिनु, व्याकरणलाई आगमन विधिबाट सिकाउने प्रयास गर्नु, व्याकरणलाई मूल पाठसँग सम्बद्ध गराउन खोज्नु,सिर्जनात्मक स्वतन्त्र लेखनमा व्याकरणको प्रयोग गराउनु कक्षा र विद्यार्थीको स्तरअनुकूल अभ्यास राखिनु सबल पक्षहरू हुन् । यसरी कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथाका पाठको पछिल्तिर दिइएका  अभ्यासहरूमा सुधार गर्नुपर्ने पक्ष कम र सबल पक्ष ज्यादा रहेका छन् ।

अध्याय सात

# ७ निष्कर्ष र सुझावहरू

## ७.१ निष्कर्ष

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित माध्यमिक तहको कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ M

१. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा सामाजिक कथा १, मनोवैज्ञानिक कथा १,र पौराणिक कथा १ गरी ३ ओटा कथा राखिएका छन् । यी कथाहरू पाठ्यक्रमअनुरूप चयन गरिएका देखिन्छन् ।

२. कक्षा १० को नेपाली किताबमा रहेका १६ ओटा पाठमध्ये कथा विधाले ३ ओटा अर्थात जम्मा १८.७५ प्रतिशत ओगटेको छ ।

३.तीन ओटा कथा रुचिपूर्णताका दृष्टिले क्रमैसँग राखिएका छन् । तर न्यायको पक्षमा पौराणिक कथाको छनोट उपयुक्त देखिदैन ।

४. कक्षा १० का विद्यार्थीको भाषिक सीपको विकास गर्ने सम्भाव्यता र शब्द भण्डारका दृष्टिले छिमेकी कथा स्तरीय ,त्यसपछि दोषी चस्मा कथा ठीकै र न्यायको पक्षमा कथा अलिक कमजोर देखिन्छ ।

५.अभ्यासलाई विशेष गरी लेखाइ सीपमा केन्द्रित गर्न खोजिएको देखिन्छ । अलग्गै सुनाइ सीपलाई समेट्ने अभ्यास एउटा पनि छैन भने पढाइ सीप पनि अरु सीपसँग सम्बन्धित रहेका छन् । छुट्टै पढाइ सीप समेट्ने अभ्यास पनि न्यून छन् ।

५. सिर्जनात्मक अभ्यास अन्तर्गत तीन ओटै कथामा बुँदाका आधारमा कथालेखन राखिएको छ ।

६.व्याकरण शिक्षणमा आगमन विधिको प्रयोग गरी प्रशस्त अभ्यास गराउन खोजिएको छ ।

७.व्याकरणलाई मूल पाठसँग सम्बद्ध गराएर शिक्षण गर्न अभ्यास राखिएका छन् भने सिर्जनात्मक स्वतन्त्र लेखन मा व्याकरणको प्रयोग गर्ने अभ्यास समेत रहेका छन् ।

८. नमुना अभ्यासमा राखिएका प्रश्नमा विविधता रहेको पाइए पनि वस्तुगत प्रश्न एउटा पनि नभएको देखिन्छ ।

९.कथामा नाम, विशेषण र कियाविशेषण शब्द अधिक भए पनि विस्मयादिबोधक र निपात शब्द अपेक्षाकृत न्यून रहेका देखिन्छन् ।

१०. सबै कथामा उखानको प्रयोग गरिएको छ । टुक्का प्रयोगका दृष्टिले **दोषी चस्मा** कथा सबल रहेको छ । टुक्का शिक्षणका लागि यो कथाको उपयोग राम्ररी गर्न सकिन्छ ।

११.कथाका पाठहरू टङ्कन गर्दा केही वर्णविन्यासगत त्रुटि रहेका छन् । जस्तै - शशीधरबिहाका (पदवियोग हुनुपर्ने, पान नं. ११ अनुच्छेद १७),

दुई सन्ताको (सन्तानको हुनुपर्ने, पाना नं.१० अनुच्छेद ९),

पोईलाई (पोइलाई हुनुपर्ने,पाना नं.५५,अनुच्छेद ४)

१२.कथाका पाठमा अनुच्छेद देखाइएको छ । त्यसको प्रयोग शब्दार्थ,वाक्य प्रयोग आदि अभ्यासका कममा गर्दा विद्यार्थीलाई सहज भएको देखिन्छ ।

१३.**कर्तव्य** कथा पहिले कक्षा ७ मा समावेश गरिएको देखिन्छ भने **दोषी चस्मा** कथा हाल कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समावेश गरिएको छ ।

१४. **कर्तव्य** कथामा २ ओटा , **दोषी चस्मा** कथामा ३ ओटा र **न्यायको पक्षमा** १ ओटा चित्र रहेका छन् । ती चित्र आकर्षक छैनन् ।

## ७.२ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१.रुचिपूर्ण पौराणिक कथालाई  पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने देखिन्छ ।

२.कथालाई पाठ्यपुस्तकमा समावेश गर्दा तिनमा प्रयुक्त शब्दभण्डार  ,वाक्य ढाँचा व्याकरणव्यवस्था आदिलाई विचार गरेर विद्यार्थीको स्तर अनुसार भए नभएको विचार गर्नु पर्दछ ।

३.अभ्यासमा सुनाइ सीपलाई पनि समेट्नु आवश्यक छ भने पढाइ सीपका अभ्यास पनि बढाउनु आवश्यक छ ।

४.वस्तुगत प्रश्नहरू पनि अभ्यासमा समावेश गरिनुपर्दछ ।

५.कथामा सबै पदवर्गको यथोचित प्रतिनिधित्व हुनु आवश्यक छ ।

६.शब्दनिर्माण प्रक्रिया अध्यापन गराउन प्रत्यय लागेर बनेका शब्द,उपसर्ग लागेर बनेका शब्द समास भएर बनेका शब्द , द्वित्व प्रक्रियाद्वारा बनेका शब्द आदि प्रशस्त प्रयोग भएका कथालाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ ।

७.पाठ्यपुस्तक टङ्कन गर्दा वर्णविन्यासगत शुद्धतामा ज्यादै खाल गरी एउटै पनि अशुद्ध गर्नुहुदैन ।

८.कथाको चित्र आकर्षक र किताबमा प्रयोग गरिएको कागज गुणस्तरीय हुनु आवश्यक छ ।

९. एउटा कक्षामा पढिसकेका कथाले विद्यार्थीमा रुचि जगाउने हुँदा पाठ्यपुस्तकमा अन्य कक्षा र तहमा राखिएका कथा राख्नु भन्दा छुट्टै कथा राख्नुपर्दछ ।

## ७.३ भावी अध्ययनका लागि शोधशीर्षकहरू

१ इटहरा गा.वि.सका विद्यालयहरूमा कक्षा १० को नेपाली किताबका  कथा विधाका पाठहरूको शिक्षणका क्रममा प्रयोग गरिने शिक्षणविधिसम्बन्धी अध्ययन ।

२..कक्षा ९ र १० का कथाका पाठहरूमा प्रयुक्त उखानटुक्काको अध्ययन ,

३.कक्षा १० का विद्यार्थीहरूको सुनाइ सीपसम्बन्धी अध्ययन ।

४.२०६६ सालको एस.एल.सी र टेस्ट परीक्षाको नेपाली विषयको प्रश्नपत्रको विश्लेषणात्मक अध्ययन ।

५. कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली व्याकरण कोटी सम्बन्धी त्रुटिविश्लेषण ।

६.कक्षा १० को नेपाली किताबमा समाविष्ट निबन्ध विधाका पाठहरूको विश्लेषणात्मक अध्ययन ।

७.कक्षा १० को नेपाली किताबमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

८.कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी अध्ययन ।

९.कक्षा १० को नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृति गणना ।

१०.कक्षा १० को नेपाली पुस्तकमा राखिएका चित्रहरूको उपयुक्ततासम्बन्धी अध्ययन  ।

# सन्दर्भ ग्रन्थसूचि


पाठ्यक्रम विकास केन्द्र, ( २०६४) **माध्यमिक शिक्षा पाठ्यक्रम भाग - १** भक्तपुर M सानोठिमी

लामिछाने , यादवप्रकाश, (२०५६)**नेपाली भाषा र साहित्य** काठमाडौ M आठराई प्रकाशन ।

(२०६०) **नेपाली भाषा शिक्षण परिचय** भोटाहिटी , काठमाडौ M विद्यार्थी पुस्तक भण्डारं ।

भण्डारी,पारसमणि र अन्य, (२०६४) **नेपाली गद्य र नाटक** , भोटाहिटी, काठमाडौं M विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम, सम्पा. (२०५७) **नेपाली कथा भाग ४** , पुलचोक Mसाझा प्रकाशन ।

भुसाल ,गुणाकर,सम्पा. (२०५९) **इन्द्रेणी** ,काठमाडौ M क्षितिज प्रकाशन ।

शर्मा,केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौ M न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

अर्याल ,वेदप्रसाद, (२०५२) **कक्षा ५ को नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित,स्नातकोत्तर शोध पत्र ने.भा.शि.वि.,त्रि.वि. ।

खनाल,दुर्गा,(२०५८) **कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रमअनुसार का नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन** अप्रकाशित,स्नातकोत्तर शोध पत्र ने.भा.शि.वि.,त्रि.वि. ।

.खत्री, आनन्दा, (२०६२),**कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** ,अप्रकाशित,स्नातकोत्तर शोध पत्र ने.भा.शि.वि.,त्रि.वि. ।

खनाल ,नवराज , (२०६१) **कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषण**,अप्रकाशित,स्नातकोत्तर शोध पत्र ने.भा.शि.वि.,त्रि.वि. ।

भट्टराई,इलोमा (२०६१) **कक्षा ७ को नयाँ पाठ्यक्रमअनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** , अप्रकाशित,स्नातकोत्तर शोध पत्र ने.भा.शि.वि.,त्रि.वि. ।=